साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४५ अंक १ २०८३ साउन ५ गते मंगलबार *(July 21, 2026)* मूल्य रू. १०/-

## डाक्टर, नर्सहरू विदेशीने क्रम बढ्यो

डाक्टर, नर्स उत्पादन हुन्छन्, उनीहरू कसरी विदेश जाने भन्ने खोजीमा हुन्छन्, अवसर पाउनासाथ विदेशीन्छन् । नेपालमा डाक्टर, नर्स टिकाउन गाह्रो हुनथाल्यो ।

मेडिकल र नर्सिङ काउन्सिलको तथ्याङ्कले नै डाक्टर, नर्स नेपालमा टिकाउन नसकिने देखाएको छ । बिगत ६ वर्षको समयमा १३ हजार डाक्टरले लाइसेन्स लिएका थिए तर ११ हजारले विदेश जान सिफारिस लिएका छन् । नर्सहरूको स्थिति पनि भयावह छ । नर्सहरूले रोजगारी पाउँदैनन्, पाए पनि उचित पारिश्रमिक पाउँदैनन् । विदेशमा डाक्टर र नर्सको माग उच्च रहेको र कमाइ पनि राम्रो भएकाले डाक्टर नर्स विदेशीन उत्साहित हुनेगरेका छन् । 'ब्रेन ड्रेन रोक्न राज्यले नीतिगत शल्यक्रिया गर्नुपर्छ' भन्ने आवाज शिक्षाविदहरूले उठाए पनि सरकारले यो आवाजलाई एउटा कानले सुनेर अर्को कानले उडाइदिएको छ ।

यही स्थिति रहने हो भने नेपालमा डाक्टर, नर्स केही वर्षमै विदेशबाट आयात गर्नुपर्ने अवस्था सिर्जना हुनसक्ने, मेडिकल पेशामा लागेकाहरू बताउँछन् ।

## नेपालप्रति अमेरिकी चासो र सहयोग पनि

नेपाली वस्तुलाई अमेरिकी बजारमा पुन: सहुलियत दिन नेपालले गरेको आग्रहलाई अमेरिकाले सकारात्मक जवाफ दिएको छ । अमेरिकी कार्यवाहक राजदूत स्कट अर्बमवीचको भेटवार्तामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादवले सन् २०१५ देखि सुरू भएको 'नेपाल ट्रेड प्रिफरेन्स प्रोग्राम' को सीमा सन् २०२५ डिसेम्बरमा समाप्त भइसकेको स्मरण गराउँदै नेपाली वस्तु निर्यातमा सहुलियतको आग्रह गरेकी थिइन् । दुबैवीच द्विपक्षीय व्यापार, लगानी प्रबर्द्धन तथा आर्थिक सहकार्यका विविध पक्षमा विशेष छलफल भएको थियो ।



मन्त्री गौरीकुमारीले नेपाल-अमेरिकावीच सन् १९४७ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै अमेरिकाले नेपालको स्वास्थ्य, शिक्षा र आर्थिक विकासमा विशेष सहयोग पुर्‍याउँदै आएकोमा प्रशंसा गर्दै गलैंचा, तयारी पोशाक तथा पश्मिनाजस्ता नेपाली वस्तुमा पुन: सहुलियतपूर्ण बजार पहुँचको सुविधा दिन र जलविद्युत तथा ऊर्जा, पर्यटन, कृषि , उद्योग र डिजिटल अर्थतन्त्र जस्ता क्षेत्रमा अमेरिकी लगानी बढाउन आग्रह गरेकी थिइन् । कार्यवाहक राजदूत स्कट अर्बमले अमेरिकी सरकारको तर्फबाट आवश्यक सहयोग र साझेदारी निरन्तर कायम रहने विश्वास दिलाएका छन् ।

## किन आए भारतका अतिरिक्त विदेश सचिव



परराष्ट्रमन्त्री शिशिर खनाललाई भारतीय विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावरले भेटवार्ता गर्दै भारत सरकारको सन्देश हस्तान्तरण गरेका छन् ।

गोप्य सन्देशको गोप्यता राख्दै परराष्ट्र मन्त्रालयले भनेको छ- नेपाल-भारतबीच द्विपक्षीय विविध विषयमा छलफल भएको छ । महावरले परराष्ट्र सचिव अमृत बहादुर राईसँग पनि भेट गरेका छन् । भेटवार्तामा नेपाल-भारतबीच जारी द्विपक्षीय सहयोगको प्रगति र प्राथमिकताका क्षेत्रहरूमा साझा कार्यसूचीलाई तैयार गर्ने विषयमा गम्भीर छलफल भएको थियो । वार्तामा उच्चस्तरीय सम्पर्क र संवादको निरन्तरतालाई कायम राख्ने सहमति पनि भएको छ । संकेत छ, छिटै भारतका प्रम नरेन्द्र मोदी नेपाल भ्रमणमा आउनेछन् भने कार्यसूची तैयार भएको अवस्थामा नेपालका प्रम बालेन्द्र साह पनि भारत भ्रमणमा जान सक्नेछन् ।

# भोलिदेखि कांग्रेस दुईचिरा

नेपाली कांग्रेस पुरानो प्रजातान्त्रिक पार्टी हो । अनेकन आँधी हुरी सहेर अगाडि बढेको कांग्रेसको यो दुरावस्था हुनेछ भनेर कसैले सोचेको पनि थिएन । जनताबाट टाढिएको र जनविश्वास गुमाएको कांग्रेस टुटफुट भयो भने यसबाट प्रजातन्त्रलाई हानी पुग्नेछ । कांग्रेसका नयाँ पुस्ताले पुरानो पुस्तालाई गौरव गर्नेछैनन् । त्यसै पनि ठूला ठूला नेताहरू भ्रष्टाचारमा मुछिएका छन्, दण्डित भएका छन्, चुनावबाटै जनताले किनारा लगाइदिएका छन् । गल्ती सच्याएर, सुधिएर फेरि फेरि चुनावबाट जनबल प्राप्त गर्नसक्ने प्रयाप्त आधार हुँदाहुँदै नेतृत्वपंक्तिले फेरि फेरि गल्ती गरेर पार्टी टुक्र्याउनु, पार्टीलाई झन कमजोर बनाउनु भनेको नेतृत्वपंक्तिले गल्तीपछि गल्ती दोहोर्‍याउने हुन् ।

चुनावमा जनताले गगन थापाको नेतृत्वको संस्थापनलाई पनि पत्याएनन् । तथापि पार्टीलाई नयाँ गति दिन्छु, संगठन बलियो बनाउँछु भनेर गगन थापा लागिरहेका छन् । गगन थापालाई पहिलेको अविश्वास देउवासमूले कायमै राखेका छन् । फागुन २१ को चुनाव र पार्टी विशेष अधिवेशनबाट पछारिएका देउवा समूहका नेता पूर्णबहादुर खड्का पक्षले एकढिक्का भएर रास्वपालाई उछिन्नुपर्ने बेलामा संस्थापन गगन थापा र संस्थापन इतर खड्का दुई गूट बनेर जनाधारमा कमजोर कांग्रेसलाई अझ कमजोर पार्न उत्ताउलिएका छन् । जेनजी आन्दोलनमा कुटाइसमेत खाएका तत्कालीन सभापति शेरबहादुर देउवा दम्पत्ति यतिबेला हङकङमा उपचारका





नाममा हल्लिरहेका छन् । यता सम्पत्ति छानबिनदेखि अनेक भ्रष्टाचारमा डामिएका शेरबहादुर देउवा, श्रीमती आरजु देउवा राणा, छोरासमेत कुन बेला पक्राउ पर्ने हो, अनुसन्धान तीब्र रूपमा अघि बढेको छ ।

एकातिर शीर्ष नेताहरू विरूद्ध भ्रष्टाचारका मुद्दा लागेको छ भने अर्कोतिर पार्टीभित्र दुईगुट देखिएको छ । वीपी कोइरालाको स्मृति दिवसकै दिन कांग्रेस दुई चिरा हुने संकेतहरू देखिएका छन् । गुटबाजी र भ्रष्टाचारको पाखरीमा चुर्लुम्मै डुबेको देखिने कांग्रेसको आगामी राजनीतिक यात्रा अझ कठिन मोडमा पुगेको आँकलन गरिदैछ । जुन हालत एमालेको, नेकपाको छ, त्यही हालत कांग्रेसको देखिन्छ । बरू नयाँ उदाएको श्रम संस्कृति पार्टी र एकसिट जितेको राप्रपाको चुरीफुरी निकै छ । यता नेपाल र भारत-चीनबाट समेत रास्वपाका नेताहरूलाई फटाउने, फुटाउने षडयन्त्र भइरहेको छ । भारतका गोदी मिडियाले त बालेन साह सरकारमाथि खुल्ला हमला नै थालेको छ । दलाई लामाको बधाई सन्देश, जन्मदिन मनाउन दिएको अनुमतिले चीनको नीतिमा चिसो परेको छ । यही विषयको गम्भीरतालाई बुझेर परराष्ट्रमन्त्री शिशीर खनालले नेपाल छिमेकी र अन्य सबै मुलुकहरूसँग दुईपक्षीय र बहुपक्षीय सम्बन्ध राख्न चाहन्छ भनेका छन् ।

कांग्रेस संस्थापन सम्हालेका गगन थापा समूहले कांग्रेसलाई एकढिक्का पार्न सकेन । अनेक प्रयत्न भए तर देउवासमूहका नेता पूर्णबहादुर खड्काले गगन थापासमूहलाई टेरपुच्छर लगाएनन् । झुक्न चाहेनन् । सभापति गगन थापा झुक्न र देउवा गुटका अनेक मागहरूलाई सकारात्मक दृष्टिले हेर्दा पनि गगन इतर समूहले चित्त बुझाएन । बिद्रोहको तैयारीमा छन् । संस्थापन र इतरसमूहको मनमुटावले यकिनसाथ भन्न सकिन्छ, नोक्सान नेपाली कांग्रेसको ऐतिहासिक छविमा पर्नेछ । कांग्रेस बिघटनतिर जानु भनेको प्रजातन्त्रको बिडा उठाएको इतिहासमा समेत कलङ्क लाग्नेछ । वीपीको आत्माले समेत शान्ति पाउने देखिन्न । यस्ताले वीपीको स्मृति दिवस मनाउनुको पनि खासै महत्व रहने छैन ।

भोलि साउन ६ गते संस्थापन इतरका पूर्णबहादुर खड्काहरूले छुट्टै भेला गर्ने र राष्ट्रिय भेलाको आह्वान गर्ने निधो गरेका छन् । कांग्रेसको खड्का समूह ( देउवा समूह) ले वीपी स्मृति दिवस छुट्टै कार्यक्रम गरेर मनाउने भएका छ । छिटै राष्ट्रिय भेला आह्वान गर्ने भएको छ । हङकङबाट देउवाले दिएको निर्देशनअनुसार खड्का पक्ष यसरी संस्थापनपक्षलाई पछार्न लागिपरेको बुझिन्छ । यसैवीच साउन २७ गते पूर्वसभापति शेरबहादुर देउवा नेपाल फर्कने समाचार छ । नेता मीन विश्वकर्माका अनुसार प्रज्ञा प्रतिष्ठानमा विशेष कार्यक्रम गर्ने र सोही कार्यक्रमबाटै राष्ट्रिय भेलाको घोषणा गरिनेछ । विश्वस्त स्रोत भन्छ- यो भेलामा पूर्वसभापति शेरबहादुर देउवा पनि सामेल हुनेछन् । संस्थापन पक्षका गगन थापाले जबरजस्ती गरेकाले सहमतिका प्रयास क्षीण बनेको छ, राष्ट्रिय भेलाबाटै छुट्टै महाधिवेशनको मितिसमेत तय गर्ने तैयारीमा इतर कांग्रेसको मतो मिलेको छ ।

यता विशेष महाधिवेशनबाट चयन भएको संस्थापन पक्ष बनेको गगन थापा समूहले असोजमा १५औं महाधिवेशनको मिति तोकेर कार्यक्रम सुरू गरिसकेको छ । खड्का पक्ष भने आयोजक समिति गठनको अडान लिएर चट्टान बनेको छ । साउन ६ गते डाकिएको राष्ट्रिय भेलालाई सफल पार्न खड्कासमूहले नेता प्रकाशमान सिंहको संयोजकत्वमा भेला समिति गठन गरेको छ । स्मरणीय छ, इतर समूह (देउवा-खड्का)ले काठमाडौं चुनदेवीमा सम्पर्क कार्यालय स्थापना गरेर समानान्तर नेपाली कांग्रेस गतिविधि सञ्चालन गरिरहेका छन् । एक कांग्रेसलाई टुक्र्याएर कसरी शक्तिशाली बनिन्छ भनेर खड्का समूहले सोचेको होला, आश्चर्य लाग्छ । विश्लेषकरू भन्छन्- संस्थापनका गगन, विश्वप्रकाशले पनि कसरी लडेको कांग्रेसलाई जिवन्त पारेर उठाउँछौं भन्ठानेका होलान् ? कांग्रेस एक नहुन्जेल, नीतिमा सुधार नहुन्जेल कुनै पनि आश्चर्य हुनेवाला देखिदैन ।

## सिस्नोको लोकप्रियता



पूर्वी तेह्रथुमलगायतका जिल्लाहरूमा स्थानीयको आम्दानीको स्रोत सिस्नो बन्न पुगेको छ । पहाडमा फालाफाल पाइने सिस्नोलाई धुलो र मुना उत्पादनका माध्यमबाट बुनेको कपडा राजधानीदेखि अन्तर्राष्ट्रिय बजारसम्म पुगेका छन् । आधुनिक प्रविधिमार्फत सिस्नोका कपडा उत्पादन हुनथालेपछि बजारमा माग बढ्न थालेको छ । सिस्नोको व्यवसायिक उत्पादनले अर्थतन्त्रमा मद्दत गरेको छ । केही समयसम्म पाखापखेरा, वनजङ्गल र खेतबारीमा आफै उम्रिने सिस्नो गरीवले खाने, कृषीको बाधकका रूपमा लिइन्थ्यो, अहिले त्यही सिस्नो आम्दानीको स्रोत र रोजगारी बनेको छ ।

पहाडी गाउँहरूमा सिस्नोको खेती बढेको छ । लोकल, पाल्ले, अल्लो जातका सिस्नोको खेती बढेको छ । अल्लोको कपडा यतिबेला फेसन नै बन्न पुगेको छ । कतिपय स्थानीय पालिकाले त सिस्नो खेती गर्न, कपडा उत्पादन र प्रविधि विकासमा ध्यान दिन थालेका छन्, बैंकहरूले ऋण दिन्छन् र बजारमा माग बढेकाले उत्पादकलाई भ्याइ नभ्याइ छ । पर्यटकले समेत सिस्नोको तरकारी, अल्लोको कपडा लगाउने गरेका छन् ।



## हरेक क्रान्तिले सिंहदरबारलाई मात्रै पुन: सजायो

**गालब बहादुर ढुंगाना**

हरेक नेपालीले सिंहदरबार देखेको छ । तर त्यसले वास्तवमा के प्रतिनिधित्व गर्छ भन्नेबारे थोरैले मात्र गम्भीरतापूर्वक सोच्ने गरेका छन् । एशियाकै सबैभन्दा ठूलो सरकारी दरबारहरूमध्ये एकको अगाडि उभिँदा एउटा स्वाभाविक प्रश्न उठ्छ–आधुनिक इतिहासको अधिकांश समय दक्षिण एशियाकै गरिब मुलुकहरूमध्ये एक रहेको नेपालले राजनीतिक शक्ति र विशेषाधिकारको यति भव्य प्रतीक कसरी निर्माण गर्न सक्यो? यसको उत्तर वास्तुकलामा होइन, नेपालको राजनीतिक अर्थतन्त्रमा लुकेको छ । नेपालका क्रान्तिहरूले पटक-पटक राज्य सञ्चालन गर्ने अनुहार फेरिदिए, तर आर्थिक अवसर र राष्ट्रिय सम्पत्ति कसरी सिर्जना हुन्छ र कसरी बाँडिन्छ भन्ने संरचनालाई परिवर्तन गर्न सकेनन् । राजनीतिक नेतृत्व बदलिँदै गयो, तर को धनी बन्छ र कसरी बन्छ भन्ने निर्धारण गर्ने संस्थाहरू भने लगभग उस्तै रहे । २०२५ को सेप्टेम्बरमा 'जेन-जेड' आन्दोलनका प्रदर्शनकारीहरूले सिंहदरबारको मुख्य भवनमा आगो लगाए । राणा शासन, पञ्चायत र गणतन्त्र सबैलाई पार गरेर उभिएको यस भवनका ढोकासम्म हरेक पुस्तालाई ल्याउने असन्तोष भने आज पनि मूलत: उही छ ।

राणा शासनले यही प्रवृत्तिको प्रारम्भिक आधार तयार गर्‍यो ।१८४६ को कोतपर्वपछि जङ्गबहादुर राणाले दरबारभित्रको रक्तपातपूर्ण शक्ति संघर्षमार्फत राज्यसत्ता आफ्नो नियन्त्रणमा लिए । त्यसपछि कार्यकारी अधिकार र राज्यकोषमाथिको नियन्त्रण वंशानुगत प्रधानमन्त्रीमा केन्द्रित भयो, जहाँ सार्वजनिक सम्पत्ति र निजी सम्पत्तिबीचको सीमारेखा लगभग मेटिएको थियो । सिंहदरबार स्वयं प्रधानमन्त्री चन्द्रशम्शेरले थापाथली नजिक आफूले प्राप्त गरेको जग्गामा केही वर्षभित्र निर्माण गराएका थिए । ठूलो संख्यामा जबर्जस्ती खटाइएका, अधिकांशत: पारिश्रमिक नपाएका श्रमिकहरूको श्रम प्रयोग गरी करिब पचास लाख रूपैयाँमा बनेको यही दरबार उनले पछि आफ्नै सरकारले प्रधानमन्त्रीको सरकारी निवासका रूपमा खरिद गर्न दुई करोड रूपैयाँ तिराए । त्यसबाट प्राप्त रकमले उनले आफ्ना छोराहरूका लागि थप नौवटा दरबार निर्माण गरे । यद्यपि चन्द्रशम्शेरको शासनले १९२४ मा दासप्रथा अन्त्य गर्‍यो र १९२३ को बेलायतसँगको सन्धिमार्फत नेपालको पूर्ण स्वतन्त्रतालाई औपचारिक मान्यता दिलायो । तर यिनै सुधार सम्भव बनाउने शक्ति-केन्द्रीकरणले उनलाई राज्यकोषलाई आफ्नै परिवारको सम्पत्तिजस्तै प्रयोग गर्न पनि सक्षम बनायो–एउटा यस्तो अभ्यास, जसलाई पछिल्ला प्रधानमन्त्रीहरूले फरक-फरक स्वरूपमा दोहोर्‍याइरहे ।

१९५१ को क्रान्तिले राणा वंशको वंशानुगत शासन अन्त्य गर्‍यो, तर राजनीतिक शक्ति र आर्थिक विशेषाधिकारबीचको सम्बन्धलाई तोड्न सकेन ।१९६० पछि राजा महेन्द्रले स्थापना गरेको पञ्चायती व्यवस्थामा नेपालले सडक, विद्यालय, बैंक तथा उद्योगहरूको उल्लेखनीय विस्तार गर्‍यो । १९८० को दशकको मध्यसम्म देशमा एक हजारभन्दा बढी दर्ता भएका औद्योगिक प्रतिष्ठान सञ्चालनमा थिए । तर दरबार भने देशका ठूला व्यापारिक घरानासँग नजिकै रहिरह्यो । काठमाडौंका पहिलो आधुनिक होटलहरू–सोल्टी होटल र होटल अन्नपूर्ण–राजपरिवारको लगानीबाट स्थापना भए । होटल अन्नपूर्णसँग सम्बन्धित यति ट्राभल्स र फिस्टेल लज रिसोर्ट राजा महेन्द्रका भाइ राजकुमार बसुन्धराकी पत्नी राजकुमारी हेलेन शाहको प्रत्यक्ष स्वामित्वमा थिए । सोल्टी होटलको नेतृत्व दशकौंसम्म सिंहदरबारमै हुर्किएका तथा पछि राजा वीरेन्द्रका परराष्ट्र मामिलाका सल्लाहकार बनेका प्रभाकर शम्शेर राणाले गरे । इजाजतपत्र, सरकारी खरिद तथा विकास बजेटमा आधारित संरक्षणको राजनीति दरबारबाट फैलिँदै सम्पूर्ण प्रशासनिक संयन्त्रमा विस्तार भयो । तराईका वनहरूको व्यापारीकरण र अन्धाधुन्ध कटानी, जसको काठ सीमापार बेचिँदा देशभित्रको उद्योग भने लगानीको अभावमा कमजोर बन्दै गयो, त्यस व्यवस्थाको सबैभन्दा स्थायी प्रतीक बन्यो ।

नेपालका प्रथम निर्वाचित प्रधानमन्त्री बी.पी. कोइरालाले १९८२ मा निधन हुनुअघि नै यो प्रवृत्तिको पहिचान गरिसकेका थिए । उनले नेपालको राजनीतिक अर्थतन्त्रमा एउटा नयाँ आर्थिक वर्गको उदय भएको बताएका थिए, जो न त सामन्तवादी थियो, न पूँजीवादी । त्यो वर्ग गाउँको समृद्धि वा बजार अर्थतन्त्रको विकासमा निर्भर थिएन । "यसका आफ्नै जरा यहाँ छैनन्," उनले भनेका थिए । "यसको समृद्धि मुख्यत: वैदेशिक सहायता, भ्रष्टाचार, वन विनाश र अवैध व्यापारबाट आएको हो ।"

त्यो 'बिचौलिया वर्ग'लाई सबैभन्दा स्पष्ट रूपमा देखाउने घटना १९७९-८० को जनमतसंग्रहका बेला सूर्यबहादुर थापाको प्रधानमन्त्रीकाल हो ।१९७९ मा प्रजातान्त्रिक आन्दोलनको दबाबबीच राजा वीरेन्द्रले पञ्चायती व्यवस्थालाई जोगाउने उद्देश्यले उनलाई प्रधानमन्त्री नियुक्त गरेका थिए । जनमतसंग्रहको अभियान सञ्चालनका क्रममा तराईका वनबाट अनियन्त्रित रूपमा काठ कटानी गराई भारततर्फ तस्करी गरेर त्यसबाट प्राप्त रकम प्रयोग गरिएको भन्ने आरोप उनीमाथि व्यापक रूपमा लाग्यो, यद्यपि त्यसबारे उनीमाथि कहिल्यै औपचारिक अभियोग लागेन । २ मे १९८० मा सम्पन्न जनमतसंग्रहमा पञ्चायत पक्षले करिब ५५ प्रतिशत मतसहित संकुचित विजय हासिल गर्‍यो र बहुदलीय प्रजातन्त्रको पुन:स्थापना अर्को एक दशक पछाडि धकेलियो । तर जुलाई १९८३ मा राष्ट्रिय पञ्चायतले १०८ विरूद्ध १७ मतले उनलाई पदबाट हटायो । त्यसबेला दरबारभित्रैबाट राजकुमार ज्ञानेन्द्रले उनको समर्थन फिर्ता लिएको चर्चा व्यापक थियो । सूर्यबहादुर थापाको राजनीति न त परम्परागत सामन्त वर्गको पक्षमा थियो, न उत्पादनमुखी पूँजीपति वर्गको । त्यो बी.पी. कोइरालाले वर्णन गरेको त्यही बिचौलिया वर्गको प्रतिनिधित्व गर्थ्यो–जो उत्पादनभन्दा बढी वैदेशिक प्रभाव, दरबारको संरक्षण र राजनीतिक पहुँचको लेनदेनमा निर्भर थियो ।

१९९० मा बहुदलीय प्रजातन्त्र पुन:स्थापित भएपछि नेपालको राजनीतिक प्रणाली अवश्य परिवर्तन भयो, तर राजनीतिक अर्थतन्त्रको आधारभूत संरचना भने उस्तै रह्यो । पहिले व्यक्तिमा केन्द्रित रहेको प्रवृत्ति अब संस्थागत रूप लिन थाल्यो । एउटै प्रधानमन्त्रीमा केन्द्रित हुने शक्ति अब राजनीतिक दलहरू, मन्त्रालयहरू, संवैधानिक निकायहरू र विभिन्न समितिहरूमा फैलियो । १९६० को दशकदेखि राज्यले स्थापना गरेका ६६ सार्वजनिक संस्थानमध्ये १९९२ पछि ३० वटा निजीकरण गरिए वा बन्द गरिए । तीमध्ये धेरै प्रक्रिया पक्षपात र अपारदर्शिताका आरोपबाट मुक्त हुन सकेनन्, तर त्यसको स्थानमा प्रतिस्पर्धी र उत्पादनमुखी अर्थतन्त्र निर्माण हुन सकेन । उत्पादन क्षेत्र क्रमश: कमजोर हुँदै गयो । आयात निरन्तर बढ्दै निर्यातभन्दा धेरै गुणा माथि पुग्यो । हरेक वर्ष लाखौं नेपाली खाडी मुलुक र मलेसियातर्फ रोजगारीका लागि जान थाले, र उनीहरूले पठाएको विप्रेषणले देशको आर्थिक वृद्धिलाई घरेलु उत्पादनभन्दा बढी धान्न थाल्यो ।

यही कमजोर शासन, बढ्दो असमानता र संस्थागत निराशाको पृष्ठभूमिमा १९९६ फेब्रुअरीमा माओवादी सशस्त्र विद्रोह सुरू भयो । करिब दस वर्षसम्म चलेको द्वन्द्वमा १७ हजारभन्दा बढी मानिसले ज्यान गुमाए, (बाँकी २ पेजमा)

## भागवत्‌बाट के ज्ञान लिने ? -मातृका दाहाल

-परेवाबाट पाएको ज्ञान: कहिल्यै एक्लै नहुनु
-अजींगरबाट पाएको ज्ञान: खानका लागि नदौडिनु
-समुन्द्रबाट पाएको ज्ञान: सधै समान हुनु (चैत र साउन ककभ)
-पुतलीबाट पाएको ज्ञान: रूपको घमण्ड नगर्नु
-माहुरीबाट पाएको ज्ञान: खान अरूलाइ नसाँच्नु
-हात्तीबाट प्राप्त ज्ञान: अर्काको बस्तुमा लालचा नगर्नु
-भमराबाट प्राप्त ज्ञान: मीठो पाएँभन्दैमा एकैठाउँमा नबस्नु
-मृगबाट पाएको ज्ञान: रसरंगमा नबोल्नु, भावरसमा नभुल्नु
-माछाबाट पाएको ज्ञान: क्वाप्प नखानु, प्याच्च नबोल्नु
-वेश्याबाट प्राप्त ज्ञान: आशाबाट परमशुख, निराशाबाट दुख
-कमलकोटीबाट प्राप्त ज्ञान: सज्जनको संगत भए सप्रन्छ (माकुरोबाट कमलकोटी)
-कुमारीबाट प्राप्त ज्ञान: एकान्तमा बस्दा कसैको पनि ठक्कर हुँदैन
-वाणकर्ताबाट प्राप्त ज्ञान: एकाग्रचित्त गरे सफल
-माकुराबाट प्राप्त ज्ञान: संग्रह गर्दा घाटा
-चराबाट प्राप्त ज्ञान: जिम्मेवारी सकिएपछि बसाइसर्ने ।
-गुरू: जहाँपायो त्यही झट्टै बुइ नचढ्नु/ अरूविश्वास नगर्नु

## सुकुम्वासी समस्याबारे सुझाव

-वास्तविक सुकुम्बासी पहिचान गरी जनजिवीकाका आधार वलियो वनाइ जग्गा प्रतिको आर्कषण भन्दा उद्यम र रोजगारीका अवसरमा जोड्ने ।


-सुकुम्बासी हुने अवस्था आउन नदिने र बिपद् लगायतका कारणले सुकुम्बासी भए प्रत्येक पालिकाले नेशनल डिजीटल रेकर्डमा तथ्याक प्रवीष्ट गरी जहाँ कहींबाट हेर्न मिल्ने र दुई दुई बर्षमा अपडेड गर्ने ।

-शहरी क्षेत्रमा पालिकाहरूले विपन्न सुकुम्बासी आवाश सुविधाका लागि सयुत्त आवाश व्यवस्था गर्ने र सुकुम्बासीबाट स्तरउन्नती हुने प्रभावकारी कार्यक्रम सन्चालन गरी आत्मनीर्भर वनाउने ।

- सबै तहका सरकारले विपन्न सुकुम्वासीको दिर्घकालीन समाधान गर्न विपन्न जनजिवीका सुधार कार्यक्रमबाट सुकुम्वासीको स्तरउन्नती गरी आधारभूत आवश्यकता उपभोग गर्न सक्ने बनाउने ।

- सार्वजनिक सरकारी जग्गा सरक्षण गर्न  पालिकालाई बलियो वनाउन ऐन कानूनमा सुधार गर्ने ।

## पाकिस्तानमा बुद्धको प्रचार




बौद्ध गन्धार- पाकिस्तानबाट प्रकाशित पुस्तको नेपालीकरण राजन कार्कीले गरेका हुन् ।

शुद्धोधनकी रानी महामाया वोधिसत्व गर्भमा रहेको दश महिना हुँदा आफ्ना माता पितासित भेट गर्ने इच्छाले माइतीघर देवदह जाने भइन् । माइती जाँदैगर्दा बाटोमा सालको रूखसहितको लुम्विनी बगैँचामा आराम गरिन् । त्यहीँ नै महामायाले पुत्रलाई जन्मदिइन् । सिद्धार्थ जन्मिए । लुम्बिनी बगैँचामा बुद्धको जन्मदेखि महापरिनिर्वाण, महा-उपेदेश, अन्त्येष्ठी र बुद्धअस्तुहरूका वितरणसम्मको इतिबृतान्तको पुस्तक हो- बौद्ध गन्धार । यो पुस्तक पाकिस्तानी पुरातत्वविद इशान एच. नदीमले लुम्बिनीको भ्रमणपछि लेखेका हुन् । यो पुस्तकको नेपालीकरण गोरखा एक्सप्रेसका सम्पादक राजन कार्कीले २०६६ सालमा प्रकाशित गरेका हुन् । यो कृति देशका सबै ठूला पुस्तकालय र कूटनीति र राजनीतिकर्मी तथा ठूला प्रशासक धेरैका हात हातमा पुऱ्याइएका छन् । यो पुस्तक ऐतिहासिक मानिएको छ ।

## बरिष्ठ विचारक मदन रेग्मी लेख्नुहुन्छ-



अन्तिम सम्म रहने धर्म नै बुद्व धर्म हो ।

विश्वविख्यात वैज्ञानिक आन्सटाईनलाई संसारमा  मानव सभ्यताको अन्तिम सम्म कुन धर्म रहला भनी प्रश्न गर्दा उनले भनेका थिए ‘अन्तिम सम्म रहने धर्म नै बुद्व धर्म हो’ जवकि उनी यहुदी थिए । मलाई उनको भनाइ को प्रमुख कारण वैज्ञानिक छ जस्तो लाग्छ । अरू सवै धर्म एक आपसमा लड्छन तर बुद्व धर्मले मनुष्य लाई निश्चित नियममा बाधेको हुन्छ जुन नियम मानवीय र सहनशील छ । म आफु हिन्दु कुलमा जन्मे पनि मन देखिनै बुद्दिष्ट हुँ तर हिन्दु धर्मका देवी देवतालाई पनि मानेकै हुन्छु । कर्मकाण्डी बाहुनवाद, जातियता मानव जातिको सवभन्दा ठूलो शत्रु हो । हुनत बुद्व धर्म सरकारी धर्मको रूपमा रहेको म्यानमार र थाईल्याण्ड  जस्तो देशमा पनि त्यहाको बौद्ध मार्गी सैनिक सत्ताले बुद्वमार्गी जनतालाई दमन गरिरहेछ । जवकि चीनमा बुद्वका विहार चैत्यहरू जस्तो बुथाई सान (मञ्जुश्री को जन्मस्थल)  मा जाँदा हामीसँगै जाने कम्युनिस्ट पार्टीका सदस्य पनि भएका  अधिकारीहरूले त्यहाँ बस्दा रक्सी र मासु नखाई दिन सुक्ष्म संकेत गर्थे । वुथाई सानका दुई बटै पहाड जस्ता अग्ला चैत्यहरू नेपालवाट गएका अरनिकोले बनाएका हुन् । चीनको धेरै भुभागमा नेपाल चिनियाँहरूले बनाएका असंख्य मुर्ति, प्यागोडा र अन्य कलाकृतिहरू बनाएको पाईन्छ । थान्का पनि नेपाल बाट नै चीनमा गयो । नेपाल र चीन विचको बौद्ध धर्मको बारे चीन अध्ययन केन्द्रले केही अनुसन्धान र किताबहरू प्रकाशित गरेको छ । बुद्व धर्मको प्रख्यात विद्वन स्वर्गीय मीन बहादुर शाक्यले चीनमै गएर बुद्वभद्र सम्वन्धमा गर्नुभएको योगदान बारे पुस्तक लेख्नुभएको हो । चीन अध्ययन केन्द्रको अनुरोधमा शाक्यले अरनिको बारेमा पनि अन्वेषण गर्दै लेख्दै हुनुहुन्थ्यो तर वित्नुभयो । त्यो किताब अझै प्रकाशित हुन सकेको छैन । उहाँका छोराहरू लागिरहेछन् तर म आफु चीन अध्ययन केन्द्रमा नरहेको बराबर भएकोले यसवारे मलाई केही थाह छैन । चीन अध्ययन केन्द्रले सुरू सुरूमा नै नेपाल-चीन बौद्ध धर्मको सम्वन्धमा एउटा सम्मेलन गरेको थियो । भाग लिन चीनवाट पनि बुद्दिष्ट विद्वानहरू नै आएका थिए ।

# कृतज्ञताको महत्व र कृतघ्नताको दुष्परिणाम

**नारायण प्रसाद मिश्र –**

कृतज्ञता मानवताको सबैभन्दा सरल सद्‌गुण हो । यसको कुनै मूल्य लाग्दैन, यसको लागि कुनै दुखः पनि गर्नपर्दैन । तर यसले मानिसलाई प्रेरित गर्न, उठाउन र परिवर्तन गर्न अद्‌भुत शक्ति राख्छ । युरोप र अमेरिकामा–सानो सहयोग होस् वा ठूलो योगदान–धन्यबाद व्यक्त गर्ने संस्कृति दैनिक जीवनमै बसेको छ । ससाना कुरामा पनि धन्यवाद ज्ञापन गर्ने संस्कृति बालबालिकाले घरमै सिक्छन्, विद्यालयका पाठ्यपुस्तक, शिक्षक र सामाजिक व्यवहारले त्यसलाई अझ मजबुत बनाउँछन् । त्यहाँ ‘धन्यबाद’ भन्नु व्यक्तिको गरिमा घटाउने कुरा होइन; बरू दुवै पक्षको सुसंस्कृति र गरिमालाई पुष्टि गर्ने व्यवहारको रूपमा लिइएको देखिन्छ ।

युरोप , अमेरिकाको समाजमा ससाना कुरामा धन्यवाद दिने संस्कार नै जो कसैले समाज र राष्ट्रप्रति गरेको कुनैपनि प्रशसनीय कामको लागि पनि तुरून्तै सराहना, प्रशंसा गरी कृतज्ञता ज्ञापन गर्ने संस्कार र संस्कृतिमा बिकसित भएको पनि देखिन्छ । कुनै लेख, भाषण, वा सार्वजनिक सेवामा गरिएको योगदानलाई पनि सम्मान, प्रशंसा र रचनात्मक टिप्पणीसहित स्वीकार गरिन्छ । यसैले मानिसहरूलाई अरूका लागि निरन्तर काम गर्न ऊर्जा मिल्छ । कृतज्ञता त्यहाँ सृजनशीलता, नवप्रवर्तन र सामाजिक प्रगतिलाई अघि बढाउने सांस्कृतिक इन्जिनजस्तै बनेको महसूस हुन्छ । तर यो भन्दा दुःख लाग्छ - नेपालमा, अर्थात् हामी कहाँ, यो इन्जिन अझै आइनसकेको हो कि ? भन्ने पनि महसूस हुन्छ । हामीलाई थाहा छ–हाम्रा समाजमा योगदान होइन, मान्छेको धन, शक्ति र पहुचको आधारमा मात्र मान-सम्मान गरिने चलन र संस्कारनै बढी देखिन्छ । कसैलाई धन्यवाद दिँदा आफू सानो देखिन्छु भन्ने सोच पनि अझै समाजमा बलियो भएको जस्तो पनि देखिन्छ । त्यसमाथि अर्को गम्भीर कमजोरी छ–नेपालमा प्रशंसा र कदर प्राय: योगदानका आधारमा होइन, निजी सम्बन्ध र सुविधाका आधारमा गरिन्छ । आफूलाई कुनै कुराले मनपरेको र आफूलाई कुनै कुराले फायदा र लाभ हुने ब्यक्तिलाई प्रशंसा गर्ने र महान ठहर्‍याउने संस्कार हामी कहाँ बढी देखिन्छ । त्यस्तै मननपरेकोको असल काम, योगदान वा महानता पनि नदेख्ने मात्र होइन, अझै कृत्रिम दोष सृजना गरी हिलो छ्याप्ने संस्कार पनि उतिकै छ । यस किसिमको भावनात्मक पक्षपातले सच्चा उपलब्धिलाई छायामा पार्छ र हाम्रो नैतिक धरातललाई क्षत-विक्षत बनाउँछ ।

यस सन्दर्भमा मैले जीवनमा अनुभव गरेको सानो कुरा यहाँ लेख्न चाहन्छु । सन् १९७४ को एउटा घटना जुन अझै मेरो मनमा स्पष्ट सम्झनामा छ । मेरी दिवंगत पत्नी, शान्ति मिश्र र म–दुबै पेशाले उ बेला लाइब्रेरियनलाई अमेरिकाको पिट्सबर्ग विश्वविद्यालयस्थित Encyclopedia of Library and Information Science शीर्षकको एक बिश्वप्रसिद्ध बिश्वकोशका सम्पादकले नेपालका पुस्तकालयहरूबारे एक लेख लेख्न अनुरोध गरे ।। लेख लेख्न नमूनाको लागि चिली नामको देशको एउटा नमूना लेख पनि साथै पठाएको थियो, तर हामीलाई त्यो लेख राम्रो स्पष्ट, व्यवस्थित वा गम्भीर लागेन । यसैले हामीले सम्पादकको निर्देशन विपरीत आफ्नै शैली र नयाँ संरचनामा आफनै स्वविवेकले राम्रो हुने विचारले एउटा लेख तयार गरयौं र सम्मादकले उक्त लेख मन नपराए अन्तै कही छपाउला भन्ने विचार गरी सो लेख पठायौं । सम्पादकको निर्देशन बिपरितको संरचनामा लेख लेखिएकोले उक्त सम्पादकले उक्त लेख पुनर्लेखन गर्न भनिने हो कि ? भन्ने शङ्का र डर पनि मनमा थियो । तर १९७४ सेप्टेम्बर ५ मा आएको निम्न पत्रमा सम्पादकले हाम्रो लेखलाई “उदाहरणीय” (model article) भनी प्रशंसा गरी जवाफ फर्काए । त्यो पत्रले कामको प्रशंसा गरेको मात्र होइन, हाम्रो पेशागत निर्णयलाई सम्मान दियो र भविष्यमा अझ राम्रो लेख्न अमूल्य प्रेरणा प्रदान गऱ्यो । हामीले गहिरो प्रेरणा पायौं ।

आफ्नो मुलुकमा खासगरी शक्तिशाली पदमा रहेका मानिसबाट यस्तो सभ्य प्रतिक्रिया आउने अपेक्षा म गर्न सक्दिन । यहाँ यस्ता मानिसहरू आफैलाई सर्वज्ञ जस्तै ठान्छन्–मानौं सबै कुरा उनीहरूकै ज्ञानमा परिपूर्ण छ । तर युरोप र अमेरिकामा मानिसहरू आफ्ना कमजोरी स्वीकार गर्न र अरूका शक्तिलाई कदर गर्न तयार हुन्छन् । यही गुण नै त्यहाँको आधुनिक विकासको महत्वपूर्ण आधार मलाई लाग्छ ।

दृष्टान्तको रूपमा यहाँ एउटा कुरा राख्न चाहन्छु । केही वर्षअघि People’s Review मा प्रकाशित - 1. A Tale of a Missionary Doctor and an Abandoned Child, 2. A System of Bhagabanda,3.  Disfigured Democracy and Nepal  – जस्ता मेरा लेखहरू मैले धेरै विदेशी मित्रहरू र  नेपाली साथीहरूलाई पठाएँ । तर नेपाली मित्रहरूबाट एक बाक्यको प्रतिक्रिया पनि आएन–न प्रशंसा, न आलोचना, न स्वीकारोक्ति । तर विदेशका साथीहरू–लेखक, प्राध्यापक, लाइब्रेरियन, सामाजिक कार्यकर्ताहरू–ले भने तत्क्षण प्रतिक्रिया पठाए । उनीहरूका शब्द बाक्यहरू आत्मीय, उत्साहप्रद र कृतज्ञताको संस्कृतिले भरिएका थिए ।

अमेरिका, इन्डियनाका एक टिभी प्रस्तोताले लेखे–“यो कथा चलचित्र बनाउन लायक छ ।” एक लाइब्रेरियन सहकर्मीले लेख साझा गर्दै “अद्‌भुत लेख” भनिन् ।

पेनसिल्भेनियाकी एक पुरानी मित्रले मेरी प्रिय पत्नी शान्ति आज जीवित भएकी भए कति गर्व गर्थिन् भनेर भावुक अभिव्यक्ति लेखिन् । टेक्सास, न्युयोर्क, इन्डियाना–सबै ठाउँबाट उत्साह, स्नेह, र गम्भीर सोच सहितका प्रतिक्रिया पाएँ ।

यी प्रतिक्रियाहरू केवल प्रशंसा मात्र  होइनन् ; तिनीहरूको कुनै पनि साना वा ठूला कामलाई उचित मूल्याङ्कन र सम्मान गर्ने, योगदानको कदर गर्ने प्रशंसनीय संस्कार र संस्कृति जस्तो मलाई लाग्छ । हाम्रो मुलुकमा भने यो स्थिति र संस्कार बिल्कुल फरक छ  । २०३६ सालमा प्रकाशित मेरो सानो पुस्तक त्रिभुवन विश्वविद्यालय र शिक्षा तथा राष्ट्रिय शिक्षा योजनासम्बन्धी मेरा धेरै प्रकाशित लेखहरू नीति-निर्माताहरू, शिक्षकहरू,लेखकहरू र पछि बनेका धेरै आयोगहरूले गहिरोसँग प्रयोग गरेको म महसूस गर्छु ।। तर जस जसले मेरो कामबाट लाभ उठाए, उनीहरूकै प्रतिवेदन वा सन्दर्भसूचीमा मेरो नामसमेत उल्लेख भएको म देख्दिन ।

उनीहरूले मेरा विचार त लिए, तर श्रेय दिन चाहेनन् । युरोप वा अमेरिकामा यो असम्भवजस्तै हुन्छ । त्यहाँ श्रेय दिनु नै शैक्षिक अनुशासन र नैतिक कर्तव्य मानिन्छ । तर नेपालमा कदरभन्दा बढी ईर्ष्या, असुरक्षा, वा अरूलाई मान्यता दिँदा आफू कमजोर देखिन्छु भन्ने डर मान्छेमा रहेको महसूस हुन्छ

हामीकहाँ पनि विभिन्न क्षेत्रमा असंख्य योग्य व्यक्तिहरू छन्– लेखक, शिक्षक, प्रशासक, कलाकार, राजनैतिक ब्यक्ति, इन्जिनियर, चिकित्सक, सुरक्षा कर्मचारी, पत्रकार, साहित्यकार–जसले राष्ट्र निर्माणमा ठूलो योगदान दिएका छन् । तर धेरैजसो मानिसहरू कसैद्वारा नचिनिने, नमानिने, र आफ्नै संस्थाद्वारा बिर्सिइएको अवस्थामा संसारबाट विदा हुन्छन् । यो कस्तो बिडम्बना ।

कतिपय सन्दर्भमा इतिहासका अविस्मरणीय योगदानकर्ताहरूलाई पनि सम्मान दिइँदैन । वडा महाराज पृथ्वीनारायण शाह, श्री ५  त्रिभुवन, श्री ५ महेन्द्र–नेपालको पहिचान, लोकतन्त्र, र अधिसंरचना निर्माणमा निर्णायक ऐतिहासिक स्मरणीय व्यक्तिहरू हुन् ।  मुलुकमा  सबै राजतन्त्रकै पक्षपाती हुनुपर्छ भन्ने कुरा होइन । तर इतिहासमा गरेको योगदान स्वीकार गर्न चाहिँ शिष्ट समाजको पहिचान हो । तर यो सामान्य कर्तव्य पनि हाम्रो मुलुकमा हराउँदैछ । जहाँ कृतज्ञता पलाउँदैन, त्यहाँ आक्रोश बढ्छ । जहाँ कदर गर्न पर्नेको कदर गरिन्दैन, त्यहाँ प्रतिभा सुक्छ । जहाँ मान्यता अभाव हुन्छ, त्यहाँ प्रगति रोकिन्छ ।

जहाँ योग्यता र दक्षताको को सट्टा  शक्ति, नाता, सम्बन्धले न्याय निर्धारण गर्छ, त्यहाँ समाज अघि बढन सक्तैन ।

यदि हामीले कृतज्ञताको सट्टा ‘कृतघ्नता यो संस्कृति–लाई निरन्तर पोषित गरिरह्यौं भने, देशले प्रतिभालाई गुमाउनेछ, सदा बदमास, टपर्टुय्याँले शासन गर्नेछ र राष्ट्रिय प्रगति कहिल्यै हासिल हुँदैन । कृतज्ञता कुनै साधारण कुरा होइन; यो सभ्य समाजको प्राण-शक्ति हो । जसले योगदान गर्छ, उसलाई सम्मान गर्नु राष्ट्रलाई सम्मान गर्नु हो । नेपाल फेरि उठ्न सक्छ–तर त्यो तब मात्र सम्भव हुन्छ जब हामी योग्यता लाई पक्षपातभन्दा माथि राख्न सिक्छौं, प्रशंसा लाई ईर्ष्याभन्दा माथि राख्न सिक्छौं, र सत्यलाई निजी भावनाभन्दा माथि राख्न सक्छौं । राष्ट्र निर्माणको यात्रा एउटा सरल तर कालजयी सद्‌गुणबाट सुरू हुन्छ । त्यो हो- सत्यता, सम्मान, र हृदयको गहिराइबाट भनिएको ‘धन्यबाद’ र “कृतज्ञता“ । नेपालको भविष्य यसै कुराले निर्धारण गर्नेछ–हामीले यो सद्‌गुण पुनर्जीवित गर्छौं कि यसलाई अझ गहिरो भूमिमा पुरिदिन्छौं ।   इमेल: narayanshanti70@gmail .com

## हरेक क्रान्तिले सिंहदरबारलाई मात्रै पुनः सजायो.............पहिलो पृष्ठको बाँकी............

जसमा प्रत्येक अनिश्चित मृत्युका अनुपातमा करिब दुईजना सरकारी वा माओवादी पक्षका लडाकु मारिएका थिए । अन्ततः २००६ को विस्तृत शान्ति सम्झौतासँगै द्वन्द्वको अन्त्य भयो र २००८ मा राजतन्त्र पनि समाप्त भयो  । तर शान्ति प्रक्रियाले आफ्नै प्रकारको मूल्य चुकायो । संयुक्त राष्ट्रसंघको निगरानीमा रहेका शिविरहरूमा ३२,२५० माओवादी लडाकु दर्ता गरिए पनि अन्ततः १९,६०२ जनालाई मात्र वास्तविक लडाकुका रूपमा प्रमाणीकरण गरियो । त्यसपछि पनि राज्यले ठूलो संख्यामा फुलाइएका सूचीका आधारमा नौ वर्षसम्म तलब, भत्ता र व्यवस्थापनका नाममा करिब ९ अर्ब ७९ करोड रूपैयाँ खर्च गऱ्यो । त्यसमध्ये करिब ४ अर्ब रूपैयाँको खर्चबारे अनुसन्धान आजसम्म टुंगिएको छैन  । त्यस अनुसन्धानमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई तथा पूर्वमन्त्री कृष्णबहादुर महराको नाम जोडिए पनि उनीहरूमाथि हालसम्म कुनै औपचारिक अभियोग दायर गरिएको छैन ।

तर बहुदलीय प्रजातन्त्रले यो हिसाब-किताब बन्द गरेन  । त्यसपछि आएको गणतन्त्रले त्यसमा नयाँ अध्यायहरू मात्र थप्यो  । ललिता निवास प्रकरण त्यसको सबैभन्दा प्रतिनिधिमूलक उदाहरण बन्यो  । प्रधानमन्त्रीको सरकारी निवास वरपर रहेका १४३ रोपनी सरकारी जग्गा १९९०, १९९२, २००५, २०१० र २०१२ मा भएका मन्त्रिपरिषद्‌का निर्णयमार्फत क्रमशः निजी व्यक्तिहरूको नाममा हस्तान्तरण गरियो । २०२० मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले १७५ जनाविरूद्ध मुद्दा दायर गऱ्यो । तर ती निर्णय गर्ने मन्त्रिपरिषद्‌का नेतृत्वमा रहेका पूर्वप्रधानमन्त्रीहरूलाई “नीतिगत निर्णय” को आडमा अभियोजनबाट जोगाइयो । सरकारी अभियोजनपत्रअनुसार यस प्रकरणका मुख्य योजनाकारमध्ये एक शोभाकान्त ढकालका कारण राज्यलाई करिब ६ अर्ब ८४ करोड रूपैयाँ बराबरको नोक्सानी भएको दाबी गरिएको छ भने भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरूङमाथि थप ४ अर्ब ९१ करोड रूपैयाँ बराबरको क्षति पुऱ्याएको आरोप लगाइएको छ । मुद्दामा नाम उल्लेख भएका अन्य प्रतिवादीहरूलाई समेत जोड्दा सरकारी अभिलेखले देखाएको क्षति १२ अर्ब रूपैयाँभन्दा माथि पुग्छ ।

त्यसपछिका वर्षहरूमा लगभग हरेक मौसमसँगै नयाँ भ्रष्टाचार काण्ड सार्वजनिक हुन थाल्यो । २०२० को फेब्रुअरीमा सञ्चारमन्त्री गोकुल बाँस्कोटाले सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदका क्रममा ७० करोड रूपैयाँभन्दा बढी घुस मागेको भनिएको अडियो सार्वजनिक भयो । उनले तत्काल राजीनामा दिए, तर पछि अख्तियारकै अनुसन्धानबाट सफाइ पाए । त्यसको केही समयपछि ओम्नी समूहले सरकारले खरिद गरेका कोभिड-१९ परीक्षण सामग्री महँगो मूल्यमा र गुणस्तरहीन रूपमा आपूर्ति गरेको विषय सार्वजनिक भयो, जसको परिणामस्वरूप कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखियो  । २०१७ मा नेपाल वायुसेवा निगमले खरिद गरेका वाइडबडी विमानसम्बन्धी प्रकरणमा संसदीय समितिले करिब ४ अर्ब ३५ करोड रूपैयाँ बराबरको अनियमितता भएको निष्कर्ष निकाल्यो, तर वर्षौं बितिसक्दा पनि मुद्दा सर्वोच्च अदालतमा टुंगिन सकेको छैन । त्यसैगरी, ७ जुलाई २०२६ मा काठमाडौं जिल्ला अदालतले भुटानी शरणार्थीका नाममा नेपाली नागरिकलाई अमेरिका पठाइदिने झुटो आश्वासन दिई करिब २८ करोड ८१ लाख रूपैयाँ ठगी गरिएको प्रकरणमा पूर्वउपप्रधानमन्त्री र पूर्वगृहमन्त्रीसहित २३ जनालाई दोषी ठहर गऱ्यो । तीन वर्ष लामो सुनुवाइपछि आएको उक्त फैसलामा सजाय निर्धारणको प्रक्रिया भने अझै बाँकी छ । नेपालमा भ्रष्टाचारका अधिकांश घटनाहरूको नियति प्रायः एउटै देखिन्छ–घटना सार्वजनिक हुन्छ, जनआक्रोश बढ्छ, छानबिन समिति बन्छ, अनि क्रमशः सबै कुरा सेलाउँदै जान्छ  । २०२५ को सेप्टेम्बरमा भएको ‘जेन-जेड’ आन्दोलन कुनै एउटै काण्डको परिणाम थिएन; दशकौंदेखि सञ्चित हुँदै आएको दण्डहीनता र जनआक्रोशको विस्फोट थियो । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध त्यसको तत्कालीन कारण बन्न पुग्यो, तर त्यसले उजागर गरेको असन्तोष धेरै पुरानो थियो ।

पञ्चायतकालको अन्त्यतिर नेपालको सार्वजनिक ऋण करिब २ अर्ब अमेरिकी डलर थियो, अर्थात् प्रतिव्यक्ति करिब १०० डलर । आज त्यो ऋण १९ अर्ब डलरभन्दा बढी पुगेको छ, र जनसंख्या बढे पनि प्रतिव्यक्ति ऋण त्यसको धेरै गुणा भइसकेको छ । प्रश्न नेपालले ऋण लिन सक्छ कि सक्दैन भन्ने होइन । प्रश्न त यो हो–के त्यो ऋणको बदलामा देशले उत्पादन गर्ने उद्योग, निर्यातयोग्य वस्तु, रोजगारी र दीर्घकालीन आर्थिक क्षमता निर्माण गर्न सकेको छ? कि अर्थतन्त्र अझै पनि विप्रेषण र वैदेशिक सहयोगकै भरमा टिकिरहेको छ? यही अनुत्तरित प्रश्न, र त्यससँग गाँसिएको भ्रष्टाचार तथा दण्डहीनताले २०२५ को ‘जेन-जेड’ आन्दोलन जन्मायो । त्यस आन्दोलनले केपी शर्मा ओलीको सरकारलाई सत्ताबाट हटायो र त्यसको छ महिनापछि भएको निर्वाचनमा बालेन्द्र शाह नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीलाई अत्यधिक बहुमत दिलायो ।१९९९ यता पहिलो पटक एउटै दलले स्पष्ट बहुमतसहित सरकार गठन गऱ्यो र तीन दशकदेखि पालैपालो शासन गर्दै आएका पुराना शक्ति केन्द्रहरूबाट सबैभन्दा ठूलो राजनीतिक विच्छेदको संकेत दियो । नेपाली जनताले त्यस परिवर्तनमा ठूलो आशा राखेका छन् । तर त्यही सरकारको कार्यकालमै एनसेल-स्मार्ट टेलिकमसम्बन्धी अर्बौं रूपैयाँको दूरसञ्चार इजाजत विवाददेखि जर्मन कम्पनीहरूसँग भएको करिब १० अर्ब रूपैयाँको विद्युतीय राहदानी खरिद सम्झौतामाथिको अनुसन्धानसम्म नयाँ प्रश्नहरू उठिरहेका छन् । यसले एउटा पुरानो सत्य पुनः स्मरण गराउँछ–भ्रष्टाचारको खुलासा मात्र पर्याप्त हुँदैन; त्यसपछि प्रभावकारी र निष्पक्ष जवाफदेहिता पनि आवश्यक हुन्छ ।

सिंहदरबार फेरि पुनर्निर्माण हुँदैछ, विगतमा जस्तै । तर यसपटक प्रश्न भवन पुनःनिर्माणको होइन । प्रश्न यो हो–के नेपालले भ्रष्टाचारपछि दण्डहीनता दोहोरिने आफ्नो सबैभन्दा पुरानो राजनीतिक चक्रलाई अन्ततः तोड्न सक्छ ? कि सिंहदरबारले फेरि केवल नयाँ अनुहारहरूलाई पुरानै परम्पराको संरक्षक बनाउनेछ ? यही प्रश्नको उत्तर, अघिल्ला सबै क्रान्तिहरूझैं, यस क्रान्तिले पनि दिनुपर्नेछ ।

# नागरिक चेतनाको संकट र राज्यको संवेदनहीनता – जयराम बिडारी



पृष्ठभूमि : विवेक र चेतनाको कठघरामा नेपाली जनता

नेपाली राजनीतिक र सामाजिक वृत्तमा 'जनताको विवेक' लाई लिएर अक्सर ठूला-ठूला गफ र बहस हुने गर्छन् । तर, व्यवहारतः हेर्ने हो भने नेपाली जनताको सामूहिक चेतनाको अवस्था निकै दयनीय र विरोधाभासपूर्ण देखिन्छ । जुन जनता व्यवस्था परिवर्तनका लागि ज्यान दिन तयार हुन्छन्, तिनै जनता परिणामको कसीमा भने सधैँ चुकेका छन् । त्यसैले, नेपाली जनताको विवेकमाथि अब धेरै आदर्शवादी बहस गरिरहनुको कुनै औचित्य देखिँदैन । हिजो जसलाई हामीले मुक्तिको संवाहक ठान्यौँ, आज तिनै शासकको रूपमा जनताकै थाप्लोमा बज्रिन आइपुगेका छन् । जनताले पटक-पटक धोका मात्रै पाइरहे । यो समाजको नियति बनिसक्यो ।

हिजोदेखि आजसम्म अनिश शाक्यदेखि वर्तमानका पठाओ चालक भनिएका गणेश नेपाली सम्मको सास्ती :

नेपाली राज्यसत्ता र यसका जुनसुकै निकाय हुन् तिनीहरू आम नागरिकका सवालमा सधैँ अनुदार, गैरजिम्मेवार र संवेदनहीन रहँदै आएका छन् । यसको पुष्टि इतिहासदेखि वर्तमानसम्मका कयौँ कारूणिक घटनाहरूले गरिरहेकै छन् ।

अतीतको त्यो घाउ (अनिश शाक्य): हिजोका दिनमा राजनीतिक आन्दोलनका नाममा कति निर्दोषहरू मारिए, कति अपाङ्ग बने । राज्यको तर्फबाट अन्धाधुन्ध रूपमा चलेको गोलीको सिकार भएर आफ्नै घरको झ्यालमा ढलेका ती अवोध बालकप्रति तत्कालीन शासक गोलीको आँखा हुन्न भनेर उम्किएको थियो । कतिसम्म राज्यको लाचारी !

हिजो अनिश शाक्यहरू राज्यको गैरजिम्मेवारीको सिकार भएका थिए भने, वर्तमानमा पच्चिस वर्षिय पठाओ चालक भनिएका (गणेश नेपाली) हरू यसको सिकार भइरहेका छन् । चाहे त्यो हिजोको हिंसात्मक कालखण्ड होस् वा आजको भनिएको शान्ति र लोकतन्त्रको युग, राज्यका जुनसुकै निकाय पूर्णतः असफल र गैह्रजिम्मेवार नै सावित भएका छन् ।

रामराज्यको भ्रम र लोप्पा नियति :

हिजोअस्ति मात्रै निर्वाचनको समयमा कुनै नयाँ वा पुराना दलका नेताहरूले 'रामराज्य' (सुशासन र समृद्धिको आदर्श संसार) को सपना, झुटा आश्वासन र सपनाको पछि लागे, छिटै लोप्पा खाँदा सम्म चेत्दैनन् जनता । जनताहरू यतिबेला टुलुटुलु लोप्रायाइँ खान विवश छन् ।

बादशाहको नयाँ वस्त्र र बौद्धिक दरिद्रता :

हंस क्रिस्चियन एण्डरसनको प्रसिद्ध कथा 'बादशाहको नयाँ वस्त्र' (The EmperorŚs New Clothes) मा जस्तै, यहाँका शासकहरू नाङ्गै छन्, उनीहरूसँग कुनै ठोस योजना, नैतिकता वा मानवता छैन । प्रधानमन्त्री नेपालले भारतको सिमा मिचेको भनेर अभिव्यक्ति दिँदा करताल बजाउने जिउँदा लासहरू सभामुखको अपमान भयो भनेर संसदबाट ती अभिव्यक्ति हटाउन उद्यत छन् । अर्कोतर्फ, विरोधी कित्तामा रहेकाहरूलाई भने सिर्जनात्मक आलोचना गर्नुभन्दा पनि शासकहरूलाई कसरी 'खुइल्याउने' र आफ्नो राजनीतिक दुनो सोझ्याउने भन्ने धुन छ । यो दुवै प्रवृत्ति देशका लागि घातक छ । अचम्मको कुरा त के छ भने, यो अमानवीय मानसिकतालाई मलजल गर्ने र ताली पड्काउने अन्धभक्तहरूको संख्यामा पनि कुनै कमी छैन । पात्र परिवर्तन भए,प्रवृत्ति उही छ, समाज कसरी अगाडि बढ्छ ?

सुकुम्बासी बस्ती खाली गराउने 'मेयर शैली' र छद्मभेषी नीति :

दीर्घकालीन योजना र कार्यक्रम लिएर सत्ता सञ्चालन गर्नुपर्ने हो । तरव्यवहार भने 'मेयर शैली' (पपुलिजम) पछ्याउन थालेको छ ।

होल्डिंग सेन्टरको चक्रव्यूह :

सुकुम्बासी (सुकु) बस्ती खाली गराउने नाममा राज्यले जुन नीति अख्तियार गरेको छ, त्यो निकै त्रुटिपूर्ण र कपटपूर्ण छ ।

१. कपटपूर्ण व्यवस्थापनः सुकुम्बासीलाई व्यवस्थित गर्ने भन्दै सुरूमा उनीहरूलाई 'होल्डिंग सेन्टर' मा लगेर थन्क्याइन्छ ।

२. अन्ततः लखेट्ने नीतिः निश्चित समयसम्म होल्डिंग सेन्टरमा बन्दी जस्तै बनाएर राखेपछि बिस्तारै उनीहरूलाई त्यहाँबाट पनि लखेट्ने र बेसहारा बनाउने प्रपञ्च रचिएको छ ।

सडकका श्रमजीवीमाथिका प्रहार र पठाओ चालकको विवाद :

गरीब लखेट्ने यो प्रवृत्तिको शृङ्खला निकै लामो छ । काफल बेच्ने, टेम्पो गुल्ट्याउने, फुटपाथ व्यापार व्यवस्थित गर्ने नाममा गरीब सडक व्यापारीहरूलाई लखेट्ने र सामान जफत गर्ने । यो कस्तो क्रुरता हो ?

यहाँ आशंका के छ भने अमानवीयताको पराकाष्ठा पार हुँदैछ ।

राजनैतिक दाउपेच र जिम्मेवारी पन्छाउने होडबाजी :

जब विवाद र मानवीय संकटहरू सतहमा आउँछन्, तब नेपालका राजनीतिक दल र सरकारका मानिसहरू समस्या समाधान गर्नुको सट्टा राजनैतिक दाउपेचमा लाग्ने गर्छन् ।

जिम्मेवारी पन्छाउने सरकारः अर्कोतर्फ, सरकारमा रहेका केही मानिसहरू र तिनका संयन्त्रहरू 'यो त स्थानीय सरकार ( नगरपालिका/महानगरपालिका) को क्षेत्राधिकार हो', 'त्यहाँ कुन पार्टीको नेतृत्व छ' भन्दै दलगत राजनीति ल्याएर जिम्मेवारीबाट पन्छिन खोज्छन् ।

८. निष्कर्षः वाद र तन्त्रभन्दा माथि मानवताः

सत्ता, शक्ति, राजनीतिक दल र तिनका दर्शनहरू (वाद वा तन्त्र) केवल माध्यम मात्र हुन्, साध्य होइनन् । मानवीयता भन्दा ठूलो कुरा कुनै बाद वा तन्त्र हुन सक्दैन । त्यसैले, राजनीतिक दाउपेच, अन्धभक्ति, र एकअर्कालाई खुइल्याउने खेल बन्द गरौँ । नागरिकको जीवन रक्षा तथा [illegible]

**भुवाहरू १**

एकदिन
मेरो अन्तरगतकी एउटी अफिसर मेरो कोठामा आई
र भनि-
'सर म पनि हिमालतिर टुर जान्छु'
मैले भनेँ -
तिमी भर्खरकी सुत्केरी छ्यौ
काखमा बालक बोकेर
डाँडाकाँडा कसरी हिड्छ्यौ ?
कार्यालयमा काम छ, गर
उ रिसाई मसँग र गएरै छोडी पहाडतिर
अहिले उसको लोग्ने
पुत्र छोडेर हिँडेकी पत्नी
सहकर्मीसँग पोइल गएको उजुरी दर्ता गराउँन
मेरो अघिल्तिर आइरहेछ



**– डा. दामोदर पुडासैनी किशोर**

**भुवाहरू-२**

मेरो अफिसमा क्लिनर थिइन् एउटी बृध्दा दिदी
हरेक बिहान
भगवानलाई चढाएको फूल, प्रसाद र नैवेद्य बाँडथिन्
एकदिन उनी रित्तो हात, रूँदै अफिस आइन् र भनिन्-
'हजुर, बस चढने पैसा थिएन , मन्दिर जान सकिन'
मैले भनेँ -
भगवानले सबै दिन्छन् भनेर कुदिरहेछौँ हामी
'आफ्नै दर्शनमा आउने भक्तलाई समेत
दुई चार पैसा नदिने
कस्तो हगि भगवान
त्यसदिनदेखि आजसम्म
दिदी मन्दिर जानुभएको छैन

## गजल

**कागजी शान्तिका भुत्ते औजार देखाएर,**
**ऊ दरबार पुगे छ झुटा समाचार देखाएर ।**

**उदेश्य आर्कै थियो तर थियो पर्दा पछाडि,**
**रेमिटेन्स कुम्लायो ऊ चौकिदार देखाएर ।**

**नामी अस्पतालहरू धन् कमाउँछन् खुबै,**
**मरिसकेपछि पनि उसले बिमार देखाएर ।**

**युवाहरूसँग धन् लुट्छन् मैनपावरले पनि,**
**बेरोजगार युवाहरूलाई रोजगार देखाएर ।**

**जस्तै सरकारले विदेशबाट ऋण ल्यायो,**
**उनैलाई नै देशभित्राउने आधार देखाएर ।**

**तानाशाही चल्छ एकता नभएसम्म जनता,**
**भष्म हुनेछन् आफै कुरूप अनुहार देखाएर ।**



**सुरेशकुमार पाण्डे**
**दाङ, घोराही १८**

# योद्धा सबैभन्दा भ्रष्ट सावित भयो

# यो समय सबैभन्दा भ्रष्ट सावित भयो

यो समय सबैभन्दा भ्रष्ट सावित भयो
यो समय सबैभन्दा असक्षम सावित भयो
इतिहासमै कलङ्कको कालो टिका लगायौ सरकार
यो समय सबैभन्दा नालायक सावित भयो ।



**- राधेश्याम लेकाली**

नाफामूलक होस् जीवन, नहोस् हानि जस्तो
बाबु जस्तो पनि नहोस्, अल्लारे नानी जस्तो
चारदिन नबसी जाने कुरा गर्दैनन् पाहुनाले त
दुईदिने नहोस् जीवन मेलम्चीको पानी जस्तो ।



**- उत्तम विचार**

नगाउँ जस्तो सुन्दर सहर कहाँ हुन्छ,
सपना जस्तो मीठो रहर कहाँ हुन्छ
भेट्न आउँछु म त गोधुली साँझैमा,
तिमीसँग जस्तो रमाइलो प्रहर कहाँ हुन्छ ।



**- अर्जुन अधिकारी**

तिम्रो बिछोहले पनि मलाई तड्पाउने गर्छ
तिम्रो सम्झनाले पनि मलाई सताउने गर्छ
चाहे तिमीले मलाई भेटने रहर गर नगर तर
तिम्रो प्रतिक्षाले पनि मलाई संधै पर्खाउने गर्छ ।



**- कृष्णबहादुर थापा**

साहित्यको बाटो खन्ने बल हैन ज्ञान् नै हो
जिवन र जगत्त बुझ्न गर्नु पर्ने ध्यान नै हो
भन्छन् धन बिना बाच्न सकिन्न त्यस्तो हैन
महत्वपूर्ण कुरा बोलिवचन र ज्यान नै हो



**- उषा केसी**

कहिले मान्छेको भूलले रूवाउँछ
कहिले दुखका शूलले रूवाउँछ
आँसु जस्तो रहेछ यो जिन्दगी
कहिले झरेको फूलले रूवाउँछ ।




**- पुष्पा केसी भण्डारी**

# सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण



सांस्कृति योद्धा पूर्णप्रसाद ब्राह्मण नामक पुस्तक नरेन्द्रराज प्रसाईले २०८३ सालमा निकालेका छन् । पूर्णप्रसाद ब्राह्मण नेपालका एउटा इतिहास हुन् । उनी नेपाली वाङ्मयका तपस्वी थिए, उनी महेन्द्रवादी थिए र उनी परम देशभक्त थिए । राजा महेन्द्रको स्वर्गारोहणपछि उनले नपाउनु दुक्ख पाएका थिए । त्यसपछि उनका




घरमा बिहान के खाऊँ र बेलुका के खाऊँको अवस्था सिर्जना भएको थियो । तर पनि उनी सदैव राजतन्त्र र पञ्चायती व्यवस्थाकै हिमायती बनिरहे । राजदरबारबाट जति नै अपहेलित भए तापनि उनी एकोहोरो राजभक्तिको भावनामा नै केन्द्रित थिए । उनी राजनीतिमा दूध र पानी छुटचाउन सक्ने विवेकका धनी थिए । तर बेला मौकामा उनी नेपालको राजनीतिक अवस्थाबाट बिच्कने पनि गर्थे । यति हुँदाहुँदै पनि उनी राजा र पञ्चायतको खिलाफमा कहिल्यै पनि गएनन् । उनको चालचलनलाई भने दरबारियाले एक आँखाले देख्न सक्तैन थिए किनभने उनी प्रस्ट व्यवहारका लखपति पनि थिए भनेर नरेन्द्रराजले लेखेका छन् ।

पूर्णप्रसाद ब्राह्मणसित कृतिका लेखकको किशोरावस्थादेखि नै सम्पर्क थियो । त्यसैले घरीघरी यस कृतिका लेखक उनका घरमा पुगिरहन्थेँ । पूर्णप्रसाद ब्राह्मण पनि लेखकका डेरामा आउने गर्थे । उनी यस कृतिका लेखकलाई आफ्नै सन्तानलाई झैं माया गर्थे । उनको स्नेहले चुलिएर यस कृतिका लेखक झन् सारो उनको योगदानको बयानमा भाषण गर्दै हिँडेथेँ । समकालीन पुस्तामा त्यतिखेर लेखक नरेन्द्रराज पनि आगो नै खाएर हिँड्थेँ भनेर यसभित्र लेखिएको छ । २०४१ साल भदौ १०, ११ र १२ गते यस कृतिका लेखकले पूर्णप्रसाद ब्राह्मणको नालीबेली उनैको मुखबाट टेपमा रेकर्ड गरेका थिएँ । पूर्णप्रसाद ब्राह्मणबाट प्राप्त गरेको जानकारीअनुसार नरेन्द्रराजले उनको विद्यार्थी जीवनकालमै 'केही चर्चित अनुहारहरू' नामक जीवनीग्रन्थमा उनको लघु जीवनी पनि छापेका थिएँ । यस कृतिका लेखकले आईए पढिरहेका बेलादेखि जीवनी लेख्न थालेँ तर उनले एमपीए पढ्न थालेपछि मात्र सो ग्रन्थ प्रकाशनमा आएको थियो भनेर यसभित्र लेखिएको छ ।

'सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण' नामक प्रस्तुत अन्तर्वार्ताकृतिमा नरेन्द्रराजले उनीबाट प्राप्त अन्तवार्ता हुबहु प्रस्तुत गरेका छन् । साथै उनीबाट प्राप्त टाइपका पृष्ठ र 'केही चर्चित अनुहारहरू' मा लेखेको जीवनी पनि परिशिष्टमा नरेन्द्रराजले प्रस्तुत गरेका छन् । पूर्णप्रसाद ब्राह्मणबारे २०४९ सालमा 'मेरो मोती पुरस्कार' (निबन्धसङ्ग्रह) को 'बूढाको धोक्रो काँधैमाथि' शीर्षकमा मैले गुरूदेवकेन्द्रित एउटा निबन्ध पनि लेखेको थिएँ । उक्त निबन्धचाहिँ भूमिकैको फेरोमा यसैमा खाम्न मैले सान्दर्भिक ठानेर प्रस्तुत गरेको हुँ । किनभने यो मेरो निबन्धले मेरा गुरूदेव र गुरूदेवबाट प्रदत्त अन्तर्वार्तालाई सग्लो, टड्कारो र चहकिलो बनाउनमा सहयोग पुऱ्याउला भन्ने मैले आशा राखेको छु भनेर यसभित्र नरेन्द्रराजले लेखेका छन् । यस कृतिभित्र वास्तवमा ब्राह्मणको गतिशील बुद्धि आर्थिक कारणले नै तहसनहस भएको थियो । त्यसपछि न त यिनले आर्थिक अवस्था सुधार्न सके, न त आफ्नो बौद्धिकता प्रदर्शन गर्न सके । भनौ यिनको भावना गफैले उखेलेर लग्यो । यिनको चाहना आसैले सुकाएर झाऱ्यो । अनि यिनको अडान परिस्थितिको हुरीले उडाएर कहाँ हो कहाँ पुऱ्याइदियो भनेर लेखिएको छ । लेखकले ब्राह्मणका केही आन्तरिक कुराहरूमा पनि चासो राख्थेँ किनभने नरेन्द्रराजलाई भेट्नेबित्तिकै सानातिना गनथन पनि गर्थे, ठूलाठूला कुरा पनि झिक्थे अर्थात् यी लेखकसँग आन्द्राभुँडी नै फर्काउँथे । हुन पनि नरेन्द्रराज यिनका सम्पर्कमा नियमितजसो जाने आउने व्यक्तिहरूमध्ये एउटा थिएँ । यिनको बिहान बेलुकाको छाक टार्ने समस्या देखेर लेखक नरेन्द्रराज खिन्न हुने गर्थे । यिनको जीवनचर्याका सम्बन्धमा अपशोच प्रकट गर्दै एक दिन नरेन्द्रराजले ग्रीष्मबहादुर देवकोटालाई पनि भनेको थिएँ, 'ब्राह्मण राजा, देश र पञ्चायत व्यवस्था भन्दाभन्दै भोकै मर्ने भए भनेर यसभित्र लेखिएको छ ।

घरमा फिक्का चिया खाएर ब्राह्मण भयङ्कर ठूला गफ गर्थे, विदेशका कुरा झिक्थे अनि अरूहरू राजतन्त्रात्मक मुलुकहरूको प्रशंसामा आफ्नो छाती सुकाउँथे । वास्तवमा यी राजाका परम भक्त थिए । यसै विषयमा पनि यिनले एउटा ग्रन्थ लेखेका थिए, संस्कृतमा लेखेका थिए अनि नेपालीमा पनि लेखेका थिए, अङ्ग्रेजीमा अनुवाद गराएका थिए । अर्थात् यिनले लेखेको त्यो ग्रन्थको नाउँ संस्कृतमा 'राजतन्त्रं सदा जीव्यात्' नेपालीमा 'राजतन्त्र सदा जीवित रहोस्' र अङ्ग्रेजीमा Long Live Monarchy थियो । उनको विश्वास, श्रद्धा र माया राजा भन्ने शब्दमा जोडिएको थियो भनेर लेखिएको छ ।

मलाई कहिलेकाहीँ एउटा कुराको सम्झना आउँछ अथवा पूर्णप्रसाद गुरूका एकदुई कुरा सम्झने गर्छु । गुरू मलाई भेट्ता बारम्बार भन्ने गर्थे– 'यही तालले हो भने यो राष्ट्र बेजोडले परिवर्तित हुन्छ । अब न्याय लुक्न थालिसक्यो । अन्याय पैसामाथि चढेर बोल्न थालिसक्यो । यो दुर्भाग्य हामी सबैले भोग्नैपर्छ ।' गुरूका कुरा वास्तवमा सत्य थिए । त्यसैले २०४६ साल चैत २६ गते नेपालको इतिहास अप्रत्याशित रूपले मोडियो । भनौ ३० वर्षसम्म चलेको शक्तिशाली पञ्चायत व्यवस्था नै गल्र्यामगुर्लुम ढल्यो नरेन्द्रराजले लेखेका छन् ।

यसभित्र हुन त पूर्णप्रसाद गुरू पनि अलिकति चाहिँ अव्यावहारिक नै थिए, भाषण गर्न पाए भने भोकतिर्खा भुलिदिन्थे । अनि यिनको जीवनको सबैभन्दा ठूलो कमजोरी अर्को एउटा थियो– यी छिटै निर्णय दिन्थे र पछि पछुताउँथे । उनको यस्तै किसिमको एउटा प्रसङ्गलाई प्रस्तुत गर्नँ सान्दर्भिक नै ठहर्ला भनेर लेखिएको छ ।

पूर्णप्रसाद ब्राह्मण राजा महेन्द्रका साह्रै भक्त थिए । महेन्द्रको स्वर्गारोहण हुँदा यी भन्थे– 'अब आकाश खस्यो । हामी भीरबाट चिप्ल्यौँ ।' वास्तवमा राजा महेन्द्रको सम्झनामा यिनले सधैँ शिर झुकाए । यस विषयमा यी धेरै दिन धुरूधुरू रोए । ब्राह्मण महेन्द्रलाई नेपालका उद्धारक र विश्वमै देखिएकामध्ये सबैभन्दा प्यारो व्यक्तित्व मान्थे भनेर लेखिएको छ । बोलाइमा पनि ब्राह्मण भावुकै थिए, त्यत्तिकै नम्र पनि थिए लेखकले लेखेका छन् । यस कृति ४२ वर्षअघि लेखक नरेन्द्रराजले गुरूदेव पूर्णप्रसाद ब्राह्मणसित लिएको अन्तर्वार्तामा आधारित रहेको छ । आगामी दिनमा लेखक नरेन्द्रराजको यस्तै कृतिहरू प्रकाशित हुँदै जाओस् भन्न चाहान्छु ।

लेखकः नरेन्द्रराज प्रसाई
प्रकाशक : नइ एकेडेमी नइटोल– ७, घट्टेकुलो, अनामनगर
प्रथम संस्करण : २०८३ साल, मोल : एक सय रूपिया, पृष्ठः २८१





| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np





# उज्यालो आउला ?

जनताले उज्यालो खोजेका हुन् । जनताको मुहारमा खुशी देखिएला ? यही प्रश्न छ, रास्वपा र बालेन्द्र सरकारका सामु । विपक्षीले यति डरलाग्दो गरी बिरोध गरिरहेका छन् कि त्यो विरोध देख्दा लाग्छ, छिटै राजनीतिक अराजकता देखिनेछ । यद्यपि स्थिर सरकार, सुशासन, भ्रष्टाचारको अन्त्य, समानता र योग्यताको कदर हुने आशा र अपेक्षासहित जनताले रास्वपाको काँधमा मतको भार बिसाएका थिए । बिरोधीको बिरोधको स्वर सुन्दा रास्वपाले त्यो भार बोक्न सक्दैन कि भन्ने खतरा देखिन्छ ।

बालेन्द्र सरकारले काम गर्दागर्दै तीब्रता दिन सकेको छैन । खासगरी सुकुमवासी र भूमिहीनका लागि युद्धस्तरमा काम गर्नुपर्ने थियो । जुनसुकै कारणले आत्मदाह, आत्महत्याका घटना भए पनि त्यसमा पुराना पार्टी चोखा छैनन्, रास्वपा पार्टी र सरकारले जिम्मेवारी लिनैपर्छ । मानवीयताको प्रश्नसमेत बालेन्द्र सरकारमाथि उठेको छ, यति ठूलो समस्यालाई रास्वपा र बालेन्द्र सरकारले समाधान गर्न सकेन । कछुवागतिले हुँदै हुन्न, जनताका सामान्य आशा हो- गाँस, बास र कपास, न्याय । शिक्षा, स्वास्थ्य र रोजगारी । यी क्षेत्रमा रास्वपाले गाइड गर्ने, प्रम बालेन्द्र साहले निर्णय गरेर अघि बढ्ने । यति गर्न पनि रास्वपा किन खुट्टा कमाइरहेछ । प्रम बालेन्द्र साह जस्तोसुकै जोखिम लिनसक्ने नेता हुन् । उनी कसैसँग डराउँदैनन् । उनको टिममा पनि त्यस्तैखाले युवा छन् । तथापि भ्रष्टाचार र व्यभिचारका गन्ध केही मन्त्रीको व्यवहारबाट फैलिएका छन् । किन काम भएन ? किन गन्ध आयो ? यसमा रास्वपाले पनि बालेन्द्र सरकारलाई सहयोग गर्नुपर्छ । एकातिर विपक्षीले, अर्कातिर विदेशीले चक्रव्यूह तैयार गरिरहेको देखिन्छ, त्यो चक्रव्यूहमा सरकार फस्नु र असफल हुनु भनेको रास्वपा पनि असफल हुनु हो । सरकारले तत्काल गर्नुपर्ने र योजनावद्ध अघि बढ्नुपर्ने विषयमा रास्वपाले सहजता गरिदिनुपर्छ ।

सुकुमवासी, भूमिहीन, सहकारी पीडित, उखु किसान, मिटर ब्याजपीडित, सशस्त्र द्वन्द्वपीडितका समस्या गिजोलिएका छन् । विधिको शासनविपरीतका गतिविधि देखिएका छन् । कानुनी शासनको उपहास भइरहेको छ । अर्थतन्त्र सुधारका लागि ठोस पहल देखिदैन । स्थानीय सरकारबीच समन्वय छैन । वैदेशिक सम्बन्धमा प्रश्न उठेका छन् । बिकृति अपेक्षा गरेअनुसार घटेका छैनन् । समस्याका चाङ छन्, समाधानमा सकृयता देखिदैन । विपक्षी संसद अवरूद्ध गर्न र प्रधानमन्त्रीलाई दोषी देखाउने भाष्य प्रचार गरिरहेकै छन् । विपक्षीहरू जनताप्रति जवाफदेही भएनन्, रास्वपा र प्रम बालेन्द्रले संसदको रोष्टमबाटै राष्ट्रका नाममा संवोधन गरेर स्थिति स्पष्ट पार्न र राष्ट्रलाई स्थितिको जानकारी दिनुपर्छ । विपक्षीले फैलाएको भ्रम चिर्नुपर्छ ।

## प्रकाशकीय : गोरखा एक्सप्रेस ४५औं वर्षमा

यो अङ्कदेखि गोरखा एक्सप्रेस ४५औं वर्षमा प्रवेश गरेको छ । माटोवादी पत्रिका गोरखा एक्सप्रेसको यात्रा निरन्तर जारी छ । **माटो अर्थात राष्ट्र, जनता अर्थात् राष्ट्र, अस्तित्व ।** गोरखा एक्सप्रेसको एकमात्र उद्देश्य माटो र जनताको आवाज उठाउनु हो ।जस्तोसुकै राजनीतिक परिवर्तन होस्, गोरखा एक्सप्रेसले लोकको आवाज, देशको आवश्यकताको आवाज उठाइरहनेछ । पञ्चायत ठिक भएन, राजतन्त्र सबै समस्याको जड भनियो, लोकतान्त्रिक गणतन्त्रात्मक पद्धतिमा नीति, नैतिकता, सिद्धान्त, जवाफदेहीता केही पनि बाँकी रहेन । गोरखा एक्सप्रेसले लोकलज्जा कायम राख भनेर चिच्याइरह्यो । चिच्याइरहनेछ । जेनजीको जगमा उभिएको सरकारलाई पनि खबरदारी गरिरहनेछ । लोकको अपेक्षामा, देशको सुरक्षामा लोकतन्त्र जिवन्त हुनुपर्छ भनेर गोरखा एक्सप्रेसले आवाज उठाइरहनेछ । संचेतना छर्न गोरखा एक्सप्रेसको जिम्मेवारी अरू बढेको छ । यो जिम्मेवारी पूरा गर्न बिगतजस्तै वर्तमानमा पनि पाठक, शुभचिन्तक, सहयोगीहरूको साथ र प्रोत्साहन पाइरहने विश्वास छ । हामी फेरि पनि आफ्नो कर्तव्यमा खरो उत्रने बाचा गर्छौं ।

# बालेन्द्रप्रति विपक्षीको बिरोध, जनताको आशा




प्रजातान्त्रिक प्रक्रिया: संसदमा बहुमत हुँदाहुँदै अध्यादेशमार्फत शासन गर्नु लोकतान्त्रिक मूल्यसँग मेल खान्छ कि खाँदैन भन्ने प्रश्न उठेको छ । विपक्षी र पुराना दलले अल्झो हाल्ने भएर अध्यादेश ल्याएको हो, अब त प्रजातान्त्रिक प्रकृयामा भिज्नुपर्ने हो ? गिरफ्तारी अभियान: उच्च नेताहरू र व्यापारीहरूको गिरफ्तारी कानुनी प्रक्रिया अनुसार भएको हो, राजनीतिक प्रतिशो होइन, तथापि प्रश्न उठेको छ, जवाफ दिनैपर्छ ।

सुकुम्वासी र भूमिहीनको विस्थापन: वास्तविक भूमिहीनलाई पहिचान नगरी हतारमा काम भएको देखियो । मानवीय दृष्टिको प्रश्न उठेको छ, यसमा संसदमै पुगेर प्रधानमन्त्रीले जवाफ दिनुपर्छ ।

प्रशासन सुधार: सम्पत्ति शुद्धीकरणका लागि अभिलेख माग्नु र छानबिन हुनैपर्ने थियो । तर न्यायालयले सरकारका निर्णयहरू किन उल्टाइरहेको छ ? यसबारेमा गम्भीर हुनु जरूरी छ ।

विदेश नीति: भारत, चीन, अमेरिका जस्ता शक्तिशाली देशसँग दूरी बढाउनु नेपालका हितमा छैन । भारत विरोधमा उत्रिएको छ, चीन दलाई लामाको जन्मदिन र उनका अनुयायीको कृयाशीलता सशंकित छ । विदेशनीतिमा सरकार गम्भीर हुनैपर्ने देखिन्छ ।

पासपोर्ट खरिद विवाद: विदेशी कम्पनीसँगको ठेक्का र अख्तियारमा हस्तक्षेप गर्दा पारदर्शिता बढ्छ वा अन्तर्राष्ट्रिय विश्वास घट्छ ? भन्ने प्रश्नका सवालमा पनि जवाफ अपेक्षित छ ।

गत जेठ १७ गते संसदमा बोल्दा दिएको सीमाबारेको अभिव्यक्ति र यी र यस्तै प्रश्नहरूले प्रधानमन्त्री बालेन्द्र शाहको शासनशैली, निर्णय प्रक्रिया, र दीर्घकालीन प्रभावबारे गम्भीर बहस उठेका छन् । बहुमतका स्थिर सरकारले बिना हिचकिचाहट सार्वजनिक रूपमा रास्वपा र बालेन्द्र सरकारले प्रष्ट जवाफ दिएर सहमति र सहकार्यको माध्यमबाट शासन अघि बढाउनु जरूरी छ ।

चुनावका समयमा जनतासँग गरेको करारपत्र र घोषणापत्रसहितको प्रतिवद्धता रास्वपा र बालेन सरकारले नबिर्सियोस् । रास्वपाप्रति जनताले गरेको विश्वास भनेको पुराना दल र नेताहरूले साह्रै अचाक्ली भ्रष्टाचार गरे, नैतिकतामा खरो उत्रन सकेनन् । जनताको आँखामा भ्रम छरेर पुराना दलहरूले झण्डै ४ दशक सिद्धान्तहीन राजनीति गरे । यसैको बिकल्पमा जनताले रास्वपालाई जनबल दिएका हुन् । रास्वपा स्वयम्ले नचिताएको जनसमर्थन पाएर अहिले सत्तामा छ । यसकारण रास्वपालाई हुटिट्याउँ हुने छुट छैन । रास्वपा असफल हुनु भनेको जनतालाई धोका हुनु हो, जनताले धोका पाउनु भनेको देश फेरि पनि भ्रष्टाचार र सिद्धान्तहीनताको दलदलमा भासिन पुग्नु हो । यसतिर ध्यान जाओस् । यसकारण रास्वपा र बालेन सरकारले संसद, सडकमा जतिसुकै बिरोध भए पनि जनताको कुरा सुन्नैपर्छ, अपेक्षाअनुसार काम गर्नैपर्छ । रास्वपाले फेरि पनि राजनीतिक ऐना हेरोस्, सुकुम्वासीको समस्या किन गिजोलियो । आत्मदाहका घटना किन बढिरहेका छन् । मिटरव्याज पीडित र सहकारी पीडितले किन न्याय पाइरहेका छैनन् ? माइतीघर र अन्य सहरहरूमा सरकारको बिरोध किन भइरहेको छ ? तिनीहरूसँग प्रत्यक्ष भेटेर समस्या सुन्ने र तत्काल समाधान गर्नुपर्छ । बालेन सरकार सर्वशक्तिमान सरकार हो, यो सरकारले जनताका कुनै पनि समस्या समाधान गर्ने हैसियत राख्छ, तर गरिरहेको छैन ? किन ?

यही प्रश्न हो, विपक्षीले गरेको बिरोधको श्वर । जनताले उठाएका सवालको जवाफ समयमै दिनसके यस प्रकारका बिरोधका स्वर विरोधमा सिमित हुनपुग्नेछ, बालेन सरकारले बुझ्नुपर्छ ।

जनताले मागेको विषय डेलिभरि हो, राहत हो । जनसम्पर्क ज्यादा हुने कार्यालयहरूमा सेवाग्राहीले सरल रूपमै सेवा पाउन थालेका छन् । भ्रष्टाचारको मात्रा घटेको छ । भ्रष्टाचारका फाइलहरू खुल्न थालेका छन् । भुटानी शरणार्थी बनाएर नागरिक बेच्ने अपराधमा फैसला भएको छ । यस्तै खाले सयौं फाइल खुल्दैछन्, छिटो अनुसन्धान गरेर अदालतमा जानुपर्छ र दण्डभागीहरूलाई दण्ड दिलाउनुपर्छ । यी प्रकृयागत रूपमा समय लाग्ने विषय हुन्, यथा समयमा कानुनले बोल्नेनै छ । खासमा सुकुम्वासी समस्याको समाधान, मिटरव्याज र सहकारी पीडितले छिटो न्याय कसरी सम्भव छ, त्यसतिर बालेन सरकारले रातारात निर्णयमा पुग्नुपर्छ । जो जनताको शोषण गरेर जुका मोटाएझैं मोटाएका छन्, तिनलाई नुनचुक छर्कनैपर्छ । यहीकाम ढिलो हुँदा बालेन सरकारमाथि विपक्षीको खुँडा चलेको छ, जनताका आँखामा बिझाउने जोखिम बढेको छ ।

भ्रष्टाचारको अन्त र सुशासन दिन्छौं भन्ने वचनवद्धतासहित चुनाव जितेर सत्तामा पुगेको विषय रास्वपा र प्रम बालेनले कुनै हालतमा बिर्सनु हुन्न । यी दुबै विषय आन्तरिक सवल नीति र बाह्य सशक्त विदेशनीतिले मात्र सम्भव छ । दुबै नीतिमा अलिकति पनि तलमाथि भयो भने रास्वपा र बालेन सरकार संकटमा फस्नेछ, यसको महगो मूल्य देश र जनताले चुकाउनु पर्नेछ ।

आन्तरिक नीतिमा सुरू देखि नै कमजोरी हुनपुग्यो । परराष्ट्रनीतिमा विचलन आउन थालेको छ, दुई ठूला छिमेकीसँगको चिसो सम्बन्धमा संशय बढेर जाँदोछ । यो राम्रो होइन ।

भारतको सत्तारूढ भाजपाले रास्वपालाई निम्त्यायो, सभापति रवि लामिछानेलाई रेडकार्पेट स्वागत मात्र गरेन, प्रधानमन्त्री नरेन्द्र मोदीले नै महत्व दिए । दिल्ली भ्रमणकै बेलामा "पुरानो बोझ छोडेर नयाँ शिराबाट सम्बन्ध सुदृढ गर्ने" र प्राथमिकतामा 'विकास कूटनीति' भएको विचार सार्वजनिक गरेका थिए । भारतका प्रम नरेन्द्र मोदीले जुन प्रकारको स्वागत, महत्व दिएका थिए, त्यसबाट नेपालको युवा नेतृत्वलाई मान्यता दिएका अर्थमा बुझिएको थियो ।

त्यसपछि भारतका परराष्ट्रमन्त्री एस जय शंकरले नेपालका परराष्ट्रमन्त्री शिशिर खनाललाई निम्त्याए । यो अवसरको लाभ उठाउँदै नेपालका तर्फबाट "नेपालले के चाहन्छ, नेपालका प्राथमिकता के के हुन्, र द्विपक्षीय सम्बन्धको आधार प्रष्ट पारेका थिए । नेपालले नेपाल-भारत सीमा विवादको अन्त्य चाहेको र बिबाद अन्त्य गर्न तेश्रो पक्षको मध्यस्थता नखोजेको, बरू सीमा समस्याका सम्बन्धमा ऐतिहासिक तथ्यलगायतका थप प्रमाण केही भए पहुँच खोजेको बतायो ।

यसैवीच नेपालले विषादी प्रयोग भएका तरकारी र आँपको आयातमा कडाइ गर्दा भारतले नेपालको चिया र उर्जा क्षेत्रलाई संकटमा पार्ने रणनीति लियो । चिया उद्योगले बन्द गरे, निकासी भइसकेका चिया पनि भारतमा थन्किए । पछि कूटनीतिक माध्यमबाट बालेन सरकारले समस्यालाई समाधान गर्न सफल भयो । यसैवीच विद्युत निर्यातमा पनि भारतले अड्को थाप्यो, यसमा पनि नेपालको कूटनीतिक वार्तापछि तत्कालका लागि समस्या समाधान गर्नसकियो । भारतले जेनजी नेतृत्वलाई गरेको स्वागतपछिका भारतीय कृयाकलापले भारत नेपाललाई बसमा राख्न चाहन्छ भन्ने सन्देश दियो ।

अर्थात भारतले शत्रु देशको लगानीबाट उत्पादित कुनै चिज आफ्नो र तेस्रो देश पठाउन नदिने झट्का दिंदा नेपाल सनन्न हुनपुगेको छ ।

तत्कालीन नेपालका प्रम केपी ओली र भारतका प्रम नरेन्द्र मोदीले प्रवुद्ध समूह गठन गरेर नेपाल भारतवीचका सबै समस्या पहिल्याउन र समाधान खोज्न लगाएका थिए । तर प्रवुद्ध समूहको रिपोर्ट बुझ्न भारत तैयार भएन, अझै थन्किएको छ । प्रवुद्ध समूहले नेपाल र भारतका प्रमलाई बुझाउन नसकेको यो रिपोर्ट प्रवुद्ध समूहका डा.भेषबहादुर थापाले परराष्ट्र मन्त्रीलाई दिल्ली जानुअघि आत्मप्रचारसहित सम्झाएका थिए । यसपछि परराष्ट्रमन्त्री चीन भ्रमणमा गएका थिए, चीनले बीआरआईको कार्यान्वयनलाई सम्झायो । अझै बालेन सरकार अलमलमा छ, उर्जा र बजार विविधिकरणमा सकृय हुनसकेको देखिदैन । उत्तर, दक्षिण र पश्चिमासँगको कूटनीतिक पाइला सही छन्, सकृयता कछुवागतिमा हुँदा नेपाल भूराजनीतिको गोलचक्करमा पर्ने खतरा बढेर गएका छन् । भूराजनीतिक भूमरीबाट कसरी आफूलाई सजगताका साथ सुरक्षित राख्ने र विश्वशक्तिबाट लाभ लिने भन्ने सम्बन्धमा सरकार सचेत हुनुपर्छ, कूटनीतिक ज्ञाताहरूले सुझाव दिनुपर्छ ।

हो, अमेरिकाको एमसीसी, चीनको बीआरआई र भारतको सदासयताबाट नेपाल गरीव नेपालीको गाँस बास कपासको जोहो गर्न सफल हुनसक्छ । यसैवीच रसियाले समेत चुरोट, कपडा, औजार, कपास खेतीमा सघाउने वचन दिएको छ । नेपालले परस्पर विरोधीशक्तिसँग सन्तुलन मिलाएर कसरी आफ्नो विकासको गति बढाउन सक्छ ? रास्वपा र बालेन सरकारको अग्नि परीक्षा सुरू भएको छ । अब नेपाल व्यापार विविधिकरण, उद्यम स्थापना, उत्पादन र निकासीमा जोड दिनैपर्ने बाध्यतामा छ । यसबाट मात्र अर्थतन्त्रको मेरूदण्ड बलियो बन्न सक्छ ।

यसैवीच भारत र चीनले रेललाइन बिस्तारमा चासो बढाएका छन्, स्वयम् सरकारले मेट्रोरेलको अध्ययन थालेको छ । शिक्षा, स्वास्थ्य, उद्यम र सन्तुलित कूटनीतिमा नेपालको स्वराजको धरातल बलियो हुनसक्छ । धमाधम नातावाद, पार्टीवाद र व्यभिचारवादमा नियुक्त भएकाहरूको ठाउँमा राम्रोलाई छान्ने विधिबाट नियुक्ती अघि बढेको छ । राजदूतलगायतका संवैधानिक निकायहरूमा राम्रालाई छान्ने तदारूकता बढेको छ । पहिलोपल्ट नवप्रवर्तन सुरू भएको छ । लाग्छ, अव रणनीतिक र दिगो मार्ग खुल्ने तरखरमा छ देश ।

नासामा समेत नेपालीले सीप हासिल गरेका छन् । विश्वभरि छरिएर रहेका नेपालीमा अनेक गुण, दक्षता, योग्यता र आर्थिक शक्ति विद्यमान रहेका छन् । तिनलाई नेपालतिर आकर्षित गरेर देशमा लगानी बढाउने सकियो भने केही वर्षमै नेपाल धेरै अघि बढ्नसक्छ । सुशासन र भ्रष्टाचारको अन्त्यका लागि यो वर्ष बालेन सरकारले काम गरिरहेको बताएको छ । सम्भवत: यही कामको बोझले होला प्रम बालेनले संसदमा समय दिन सकेका छैनन् । प्रतिपक्षीहरूले नयाँ सरकारलाई सुझाव दिने, सच्याउने, सही मार्ग दिनुभन्दा पनि राष्ट्रघाती भनेर आरोप लगाइरहेका छन्, जुन दुर्भाग्यपूर्ण भन्दा फरक पर्दैन । किनकि अहिलेसम्म विरोधका लागि बिरोध गरिरहेका देखिन्छन्, किनारामा पुगेका विपक्षीहरू ।

अब नेपालले विश्वस्तरीय नेपाली संस्थाहरू खडा गर्नुछ । जसले नेपाली दक्षता उजिलिनेछ, नेपालको हैसियत बढ्नेछ । यसका लागि नेपालले असंलग्नताको नीति अख्तियार गरेर सबैसँग सहकार्य गर्नैपर्छ । शिक्षा, स्वास्थ्य, उद्योग, व्यापार, नवप्रवर्तन सबै क्षेत्रमा विश्वशक्ति र आर्थिकशक्तिसँग सहकार्य अघि बढाउन सकियो भने नेपालीले रोजगारीका लागि खाडी मुलुक वा अन्यत्र जानुपर्नेछैन । यसतिर छिटोछरितो काम हुनुपर्छ, युवामा आशा जगाउनुपर्छ ।

आम जनताको अपेक्षा त्यति ठूलो छैन । बालेन्द्र सरकारप्रति जनतामा आशा ठूलो छ । त्यो आशाको दियो ननिभोस्, बालेन सरकार र रास्वपाले अरू काम छाडेर भए पनि जनताका अपेक्षा पूरा गर्नतिर ध्यान देओस् । यी पनि कानै चिरिएका भन्ने नपरोस् ।







**Gorkha Express Weekly**
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# फोहर व्यवस्थापनको अभावले शहरमा रोगहरू फैलिदा स्वास्थ्यमा ठूलो असर

फोहोरको समस्या आज हाम्रो समाजमा गम्भीर जनस्वास्थ्य संकट बन्दै गइरहेको छ । हालै, विश्व स्वास्थ्य संगठन (ध्ज्इ) ले आफ्नो नयाँ प्रतिवेदन, ७त्रगयत;हाम्रो स्वास्थ्य फ्याँक्नेः मानव स्वास्थ्यमा ठोस फोहोरको प्रभाव७त्रगयत; मा चेतावनी दिएको छ कि अनुचित फोहोर व्यवस्थापनले मानव स्वास्थ्य र वातावरणमा गम्भीर प्रतिकूल प्रभाव पार्न सक्छ । नगरमा फोहोरको मात्रा विश्वव्यापी रूपमा द्रुत गतिमा बढिरहेको छ । तैपनि, धेरै देशहरूमा यसलाई सुरक्षित रूपमा व्यवस्थापन गर्न पर्याप्त प्रणाली वा स्रोतहरूको अभाव छ । यो अवस्थाले स्वास्थ्य खतरा मात्र निम्त्याउँदैन तर सामाजिक असमानता र वातावरणीय क्षतिलाई पनि बढाउँछ ।

फोहोरले हाम्रो समाजले कसरी उत्पादन गर्छ र उपभोग गर्छ, र हामी मानिसहरू र वातावरणलाई कसरी व्यवहार गर्छौं भन्ने कुरा प्रतिबिम्बित गर्दछ । यदि हामीले फोहोरलाई बेवास्ता गर्न जारी राख्यौं भने, हामी रोग, जलवायु प्रदूषण र गहिरो सामाजिक असमानताहरूलाई निरन्तरता दिनेछौं ।

फोहोर, विशेष गरी नगरपालिकाको फोहोरले स्वास्थ्यलाई धेरै तरिकाले असर गर्छ । जब संकलन नगरी छोडिन्छ, खुला ठाउँमा फालिन्छ, जलाउँछ, वा अनुचित रूपमा व्यवस्थापन गरिन्छ, यसले हानिकारक रसायनहरू छोड्न सक्छ, पानी र माटोलाई प्रदूषित गर्न सक्छ, र कीरा र मुसाको प्रजनन स्थल बन्न सक्छ ।

फोहोरबाट फैलिने रोगहरूमा पानी र खाद्यजन्य संक्रमण, श्वासप्रश्वाससम्बन्धीरोगहरू, र कहिलेकाहीं गम्भीर विषाक्त प्रभावहरू समावेश छन् । बालबालिका, गर्भवती महिलाहरू, फोहोर कामदारहरू, र फोहोर व्यवस्थापन सुविधाहरूको अभाव भएका समुदायहरूले यी जोखिमहरू सबैभन्दा बढी सामना गर्छन् । जनसंख्या बढ्दै जाँदा र शहरीकरण बढ्दै जाँदा, रोगको फैलावट पनि बढ्दै गएको छ । साना शहरहरू, शहरहरू र गाउँहरूमा पहिले अज्ञात रोगहरू अब सामान्य भइसकेका छन् । स्पष्ट रूपमा, जहाँ रोग लाग्छ, उपचार सजिलै उपलब्ध छ । फलस्वरूप, ठूला र साना सबै शहरहरूमा निजी अस्पतालहरूमा बिरामीहरूको संख्या बढेको छ । साथै, अस्पतालहरूबाट सबै प्रकारका फोहोरहरू व्यवस्थापन गर्ने समस्या पनि जरूरी भएको छ ।

विगतमा, कम जनसंख्या र शहर बाहिर पर्याप्त फोहोर सङ्कलन सुविधाहरूकोउपलब्धताका कारण फोहोर प्रमुख समस्या थिएन । यसबाहेक, प्लास्टिक र गैर-जैव- विघटनशील सामग्रीहरूको व्यापक उपलब्धता थिएन, जसले कुनै पनि फोहोर सजिलै कुहिन अनुमति दियो । प्लास्टिक सामग्रीको व्यापकता र खतरनाक रोगहरूको फैलावटले यस फोहोरको खतरा हजार गुणा बढाएको छ । उदाहरणका लागि, क्षयरोग र कुष्ठरोगलाई पहिले सबैभन्दा संक्रामक रोग मानिन्थ्यो । तिनीहरूको उपचारको लागि, शहर बाहिर वा सामान्य बिरामीहरूबाट अलग व्यवस्था गरिएको थियो, तर अब यो अवस्था छैन । संक्रामक रोगहरूको लागि छुट्टै अस्पताल खोलिएको अहिले सुनिएको छैन । सबै बिरामीहरूको उपचार सबै अस्पताल र सबै डाक्टरहरूले गर्छन् । विशेषज्ञहरू फरक छन् । फलस्वरूप, अवस्था विस्फोटक बनेको छ । संक्रामक रोगहरूको खतरा हरेक सडक र छिमेकमा पुगेको छ ।

मिडिया एड्स जस्ता घातक रोगहरूको खतराहरूको बारेमा कथाहरूले भरिएको थियो । हालसालै, हेपाटाइटिस बी र सी जस्ता रोगहरूको फैलावटको खतरा र गम्भीरताको बारेमा समाचारहरू बाहिर आउन थालेका छन् । यसमा कुनै शंका छैन कि एड्स घातक छ, रूरूतर बिरामीसँग छुँदा, सँगै बस्दा वा खाँदा संक्रमण हुँदैन । बिरामीले प्रयोग गर्ने चिकित्सा सामग्रीहरूको प्रयोगले संक्रमणको जोखिम





**डा. केदार कार्की,**
**वरिष्ठ पशु चिकित्सक**

निम्त्याउँछ । यद्यपि, हेपाटाइटिस बी यति खतरनाक रोग हो कि बिरामीलाई छुँदा, छुँदा र बिरामीले प्रयोग गर्ने कुनै पनि वस्तु प्रयोग गर्दा यो घातक रोग लाग्ने र फैलिने जोखिम हुन्छ । बिरामीको थुक, र्‍याल, रगत र पिसाब, जुन अत्यधिक संवेदनशील हुन्छन् । यो कलेजोमा संक्रमण निम्त्याउने र बिरामीहरूलाई निको पार्न असम्भव हुने हेपाटाइटिस बी भविष्यमा सबैभन्दा ठूलो खतरा बन्ने तयारीमा छ । त्यसैले यो रोग एड्स भन्दा १०० गुणा बढी खतरनाक भनिन्छ ।

हाम्रा शहर, नगर र गाउँहरूमा रहेका अस्पताल, क्लिनिक र अवस्थित अस्पतालहरूले यो खतरालाई सम्बोधन गर्न असमर्थ छन् । त्यसैले, यो खतरा द्रुतगतिमा बढ्दै गइरहेको छ । यस खतरासँग लड्न र हटाउन उपायहरू छन्, तर लापरवाहीको निरन्तर संस्कृतिले दिगो समाधान खोज्न गाह्रो बनाउँछ । सबैलाई थाहा छ कि हेपाटाइटिस बी फैलिरहेको छ, र त्यसैले यसको खतराहरू स्थायी छन् । कम गर्न सकिँदैन । जोखिमको मात्रा सजिलै बुझ्न सकिन्छ ।

अनुचित फोहोर व्यवस्थापनले स्वास्थ्यमा मात्र असर गर्दैन, हाम्रो वातावरण रजलवायुलाई पनि असर गर्छ । खुला ठाउँमा फोहोर फाल्ने र जलाउने अभ्यासलेमाटो, पानी र हावालाई प्रदूषित गर्छ, पारिस्थितिक प्रणालीलाई हानि पुर्‍याउँछ र जलवायु परिवर्तनमा योगदान पुर्‍याउँछ ।यदि फोहोरलाई उचित रूपमा व्यवस्थापनगरियो भने, यसलाई स्रोतको रूपमा प्रयोग गर्न सकिन्छ । यसले ऊर्जा उत्पादन गर्न, हरियो रोजगारी सिर्जना गर्न र दिगो शहरहरू निर्माण गर्न मद्दत गर्न सक्छ । फोहोरले बढ्दो स्वास्थ्य संकटमा योगदान पुर्‍याइरहेको छ । फोहोरले हावा, पानी र माटोलाई प्रदूषित गर्छ, जसले गर्दा रोग र विषाक्तताको जोखिम बढ्छ । सबैभन्दा जोखिममा रहेका समूहहरूः बालबालिका, गर्भवती महिला, अनौपचारिक फोहोर कामदारहरू र खुला ठाउँ नजिकै बस्ने समुदायहरू बढी प्रभावित हुन्छन् ।

वातावरण र जलवायुमा प्रभावः खुला डम्पिङ र जलाउने कार्यले पारिस्थितिक प्रणालीलाई क्षति पुर्‍याउँछ, प्रदूषण बढाउँछ र जलवायु परिवर्तनमा योगदान पुर्‍याउँछ । सुरक्षित व्यवस्थापनका फाइदाहरूः फोहोर पुनः प्रयोग गरेर, ऊर्जा उत्पादन गरेर र हरियो रोजगारीका अवसरहरू सिर्जना गरेर स्वास्थ्य र वातावरण सुधार गर्न सकिन्छ । सरकार र स्वास्थ्य क्षेत्रको जिम्मेवारीः फोहोर घटाएर, सङ्कलन बढाएर, सुरक्षित विसर्जन सुनिश्चित गरेर र कामदारहरूको सुरक्षा सुनिश्चित गरेर जीवन र वातावरणको रक्षा गर्नु आवश्यक छ ।

स्वास्थ्य क्षेत्रको भूमिका के ?

स्रोतमै फोहोरको रोकथाम र सुरक्षित व्यवस्थापन सुनिश्चित गर्ने ।

विभिन्न प्रकारका फोहोरको उचित पृथकीकरण सुनिश्चित गर्ने । जलवायु-मैत्री, स्वच्छ प्रविधिहरूमा लगानी गर्ने । स्वास्थ्य-सुरक्षा नीति र मापदण्डहरूको वकालत गर्ने । अनुसन्धान, निगरानी र बायोमोनिटरिङ मार्फत प्रमाण-आधारित नीति विकास गर्ने । सामाजिक सुरक्षा र फोहोर कामदारहरूको समावेशीकरणलाई प्रवर्द्धन गर्ने ।

फोहोर व्यवस्थापन उपायहरूः

फोहोरबाट निम्त्याउने स्वास्थ्य र वातावरणीय जोखिमहरू कम गर्न विश्व स्वास्थ्य संगठन प्रतिवेदनले धेरै महत्त्वपूर्ण सिफारिसहरू प्रदान गर्दछ ।

फोहोर घटाउनेः उत्पादन र उपभोग स्तरमा फोहोर घटाउने ।

पहुँचयोग्य फोहोर सङ्कलन सेवाहरूः विशेष गरी सीमित फोहोर व्यवस्थापन सुविधाहरू भएका क्षेत्रहरूमा ।

सुरक्षित विसर्जन र पुनः प्राप्ति केन्द्रहरूः फोहोरको पुनर्चक्रण, पुनः प्रयोग र सुरक्षित विसर्जनको प्रक्रियालाई बलियो बनाउनुपर्दछ ।

फोहोर भनेको केवल फोहोर मात्र होइन; यो हाम्रो स्वास्थ्य, वातावरण र समाजको समग्र कल्याणसँग सम्बन्धित गम्भीर समस्या हो । विश्व स्वास्थ्य संगठन को प्रतिवेदनले स्पष्ट पार्छ कि यदि फोहोरलाई बेवास्ता गरियो भने, यसको परिणाम दीर्घकालीन र गम्भीर हुनेछ । अर्कोतर्फ, उचित फोहोर व्यवस्थापनले यसलाई स्रोतमा रूपान्तरण गर्न सक्छ, शहरहरूलाई सफा र सुरक्षित बनाउन सक्छ, र मानिसहरूको जीवन सुधार गर्न सक्छ । हामीले बुझ्नुपर्छ कि फोहोर केवल समस्या मात्र होइन, स्वास्थ्य, रोजगारी र दिगो विकासको लागि अवसर पनि हो ।

त्यसैले, फोहोरलाई बेवास्ता गर्न बन्द गर्ने र यसलाई सुरक्षित, दिगो र स्वास्थ्य- सुरक्षापूर्ण तरिकाले व्यवस्थापन गर्ने समय आएको छ । त्यसो गर्नाले आज मात्र सुरक्षित हुनेछैन, भावी पुस्ताको लागि स्वच्छ र स्वस्थ वातावरण पनि सुनिश्चित हुनेछ ।

# बेलाबेलामा समय सुधार्दै जानपर्ने प्रकृतिमा स्वस्थानी



**महेश्वर जुजु राजोपाध्याय**




सूर्यको १ वर्ष ३६५ दिनको । चन्द्रमाको केवल ३५४ दिनको १ वर्ष । यसलाई मिलाउन अधिक मास पुरूषोत्तम महिना थपिन्छ । तैपनि ७२ वर्षमा १ दिन फरकै पर्छ । एक दिन सारौं भन्दा शुक्रबारलाई शनिवार भन्न मिलेन तिथि र नक्षत्रहरू पनि मिलेन । हाम्रा पुर्खाहरूले २१५० वर्षमा पर्न आउने पुरूषोत्तम महिनालाई हटाएर समय सुधारे । ने.सं. ५५९ संम नेपाल हाँकेका अध्ययनशील राजा ज्योतिर्मल्लले यस ग्रह गतिबारे सार कुरा प्रचार गरूं भनी ज्योतिष विद्याको सार कुराहरू पहिल्याएर ज्योतिः सिद्धि सार ग्रन्थै लेखे । छोरा राजा यक्ष मल्लले यस प्रकृतिलाई ध्यानै दिएन । देवी देवतावाट शक्ति पाउने तिर मात्र लागे ।

श्री पशुपतिनाथले तिम्रै दरवार अगाडि मेरो मन्दिर वनाउनु, म त्यहीं वसिदिन्छु भन्ने आज्ञा भयो । भक्तपुर दरबार अगाडि यक्षेश्वर पशुपति स्थापना गरी सेवा गरे । चण्डेश्वरी माताले देशको सिमाना बढाउनु आज्ञा भई एक करोड स्वर्ण मुद्रा नै बक्सियो । सेनाहरू बढाउँदै हतियारहरू पनि किनी मोरङबाट गोरखा संम र शिकारजोडबाट तिर्हुत संम जित्न पुगे । बाँकी रहेको पैसा भक्तपुर तलेजु मै गाडेर माँलाई सुंपे ।

समय सुधार्ने तिर ध्यान नदिएकैले होला दशा लाग्यो र आफ्नै पौरखले आर्जन गरेको विशाल नेपाललाई टुक्रयाएर अंशवण्डा गरी दिए । १. राय मल्ल २. रत्न मल्ल ३. रण मल्ल ४. राम मल्ल ५. अरि मल्ल ६. पूर्ण मल्ल छोराहरू र १. छोरी धर्मवती समेत ७ जना सन्तानका नाम देश टुक्रयाएर भाग लगाई दिए ने.सं. ५८५ तिर ।

पाटनको राजा धर्मवतीले मेरा पिताज्यू पराक्रमी भक्त राजा भइकन पनि आफैले किन देश टुक्रयाउन पुग्नु भयो भनी निक्कै सोच्न पुगिन् । कारण फेला परेन एक दिन आफु सँग रहेको पितामह बाज्ये राजा ज्योतिर्मल्ल रचित ज्योतिः सिद्धिसार ग्रन्थ पढ्न पुगिन् ।

ज्योतिष शास्त्र भनेकै श्री सूर्यको गति बुझाउने शास्त्र हो । सूर्यको गतिसँग मिलेको चाडपर्वले सुख शान्ति ऐश्वर्य बढाउँछ र विश्वकै भलो हुन्छ भन्ने कुरा चित्त बुझ्यो र अन्य ग्रन्थहरू पनि पढ्न थालिन् ।

ने.सं. ५०० देखि ५१६ संम नेपाल हाँकेका जयस्थिति मल्लले बाँधि गएका नीति नियमहरू पनि पढिन् । हाम्रा चाडपर्व समय अनुसार मिलाएरै लानु । चीसो समयमा मनाइने चाडपर्व गर्मी समयमा पारे रोग व्याधि बढ्छ मति पनि विग्रिन्छ र अशान्ति हुन्छ भन्ने कुरा राजा धर्मवतीलाई चित्त बुझ्यो र स्वस्थानीको गोमा, गौ माताको गोबरवाटै जन्मेर पनि बच्चै देखि दुःख पाइन् । छोरा नवराजले जनमानसमा प्रभाव पारी त्यति बेलाको पुरूषोत्तम महिनालाई भक्ति पूर्वक नै विदा गरी समय सुधारेको शुभ कार्यले ब्राम्हणीलाई पनि राजमाताको वैभव दियो । बूढी अवस्थामा भए पनि परम सुख शान्ति दियो । अहिले वाचन गरिने स्वस्थानीमा यी कुरा स्पष्टै खुलाउन पर्‍यो भनी विद्वान्हरूको संमेलन नै गराइन् । तैपनि अर्काले लेखाएकै स्वस्थानी कथा भन्ने गरिए । राजा धर्मवतीको इच्छा पूरा भएन । आफ्नै सहोदर दाइ भाइ राजाहरूले पनि साथ दिएनन् । नारीको अपमानै गरेकाले शान्तिले राज गर्न पाएनन् । कलह अशान्तिमैं देश कमजोर हुँदै गयो र मल्ल कालै गयो । स्वर्ण युगवाट पित्तल युग या स्टील युगमा झरे । शाह काल पनि अशान्ति मै विते ।

अझै पनि भारतले सुधारे पछि सुधारौंला भन्छन् दासहरू ।

चैत्र ४ गते नै १२ घण्टाको दिन र १२ घण्टाकै रात भयो । यो विषुव काल नै वैशाख हुनुपर्नेमा दिन लामो रात छोटो हुने दिनमा लगी नयाँ वर्ष वैशाख १ भनी भारतको गुलामी गरे । यसरी सबै चाडपर्व एक एक महिना पछि पारे अर्काका दासहरूले ।

बेमौसमको विष्का जात्रा तीसौं वर्षसंम ढुङ्गा हान्ने क्रूर जात्रा भए । कोरोनाले विश्वै हल्लाइन्, करोडौं नरवलि लिइन् । अझै लिंदै छिन् । अब त युद्ध नै भइ रहेछ । गरीबहरूले काम पाएनन् । भोकै मर्नुपर्ने स्थिति छ ।

अब त चेतौं ! देवताहरू पितृहरू सूर्यको गति अनुसार एक एक महिना अगाडि नै आ-आफ्ना भाग पाउन आउनु हुन्छ । तपाई हामी एक महिना पछि भनी चुपचाप बस्छौं त रिसाएर जाने नै भए । चित्रगुप्त दयः सर्वे कालं जानन्ति सूर्यतः । चित्र गुप्त आदि सबै देवता पितृहरू सूर्यवाट नै समय निर्धारण गर्नु हुन्छ । देवी भागवतको १० स्कन्ध ३ अध्यायको २१ श्लोक ।

विचार गर्न सक्ने महानुभावहरू !

देवता पितृहरू आउनु भएकै तिथि मितिमा संमान पूजा वन्दना गरौं ! आशीर्वाद पाउँछौं । एक महिना पछि भनी चूपचाप बस्यौं त चित्त दुखाएरै फर्कनु हुन्छ त पापै लाग्छ ।

घरमा आएका जो कोहीलाई पनि मान गरे खुसी हुन्छन् । अटेर गरी अपमान गरे रिसाएरै जान्छन् । कहिल्यै आउँदैनन् । संबन्धै राख्दैनन् । यो संवेदनशील कर्तव्य हो । विचार गरौं गराऔं । दशैं तिहार श्राद्ध देवताको लागि गरिन्छ, समाजको लागि हैन । समाज खुसी पार्ने कि देवतालाई खुशी पार्ने ? सोचौं !

अहिले अशान्ति छ हाहाकारै छ ।

पुनश्चः समाजको लागि पनि र आफ्नो लागि पनि दुवै समयमा चाडपर्व मनाउन पनि सकिन्छ । विचार गरौं ।

**पर्व समय सुधार राष्ट्रिय समाज नेपालका संस्थापक**
**अध्यक्ष- महेश्वर जुजु राजोपाध्याय,**
**ठँहिटी, काठमाण्डौ - १७ ।**

# राजावादीहरू निराश निराश छन्

राष्ट्रिय समाजसुधार संस्था र राजावादीहरूले ८० औं शुभजन्मोत्सव मनाएका छन् । व्यवस्थापक शंकर मधैयाले देशैभरि जन्मोत्सव मनाएको जानकारी दिएका छन् । कार्यक्रममा गुरू विना शिष्यको अर्थ नहुने, शिष्य विनाको पनि गुरूको पनि अर्थ नरहने कथ्य र तथ्यलाई उजागर गर्न वृहस्पति बाबाको मार्ग दर्शनका साथ अभियन्ता माया पाण्डेले हामी राजा भनेर बस्ने, राजालाई सिमित घेराबाट बाहिर निकाल्न नदिने गतिविधि अब रोक्नुपर्छ भन्ने माग गरेकी थिइन् । उनले रास्वपाका सभापति रवि लामिछानेले भारतको भ्रमणमा मोदीको खुट्टा ढोगेर लम्पसार पर्दा नेपालको शिर झुक्न गएको बताइन् । अभियन्ता गोपालकृष्ण बुढाथोकीले राष्ट्रियताका मागहरू बारेध्यानाकर्षण हुन ढिला गर्नु हुँदैन भनेका थिए । योगी गणेश गिरीले धर्म र राजा विना नेपाल र नेपाली बाँच्न नसक्ने भएकोले धर्म र राजाको विकल्प नेपालमा छैन भनेका थिए ।

बोलनलाई ५ वर्ष शासन गर्न जनताले जनादेश दिई सकेको छ, किन बालेनको घोरबिरोध गरिरहेको हो ? वौद्धिक वुद्धिजीवी प्राज्ञहरू सोच्नुपर्ने विषय उठ्यो । पूर्व सांसद ऋषि बाबु परियार, प्रा.डा.उत्तमकृष्ण कर्माचार्य, शंकर मधैयाले राष्ट्रवादीहरूलाई जोड्ने कडी नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३.१ हुन सक्ने भएकोले त्यसतर्फ प्राज्ञिक व्यक्तिहरूको सहभागितामा प्रवचन कार्यक्रम पनि भएको छ ।

त्यस अवसरमा प्रष्ट पारियो- राष्ट्रनिर्माता श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाह सरकारले भनिबक्सेको थियो "सगरमाथाको शीर जस्तै कहिल्यै पनि देशको स्वाभिमानलाई विदेशीसँग झुक्न नदिनु ।" सरकार यसमा गम्भीर होस् । कार्यक्रममा बालेन सरकारको १०० दिनमा घरको छानो भत्काएको १८ वर्ष पुग्यो घरभित्र बसोबास गर्ने मान्छेहरूको विचल्ली किन गरेको ?, टाउकोको दुखाई, पेटको दवाई !, देश बनाउने नाउँमा बनिरहेको संरचना भत्काउने अनि नयाँ संरचना बनाउन नसक्नेलाई के भन्ने ? सार्वभौमसत्ता जनताको नाउँमा ऋण मागेर ऋण तिर्ने र जनतालाई जहिल्यै पनि गरिबी तर्फ धकेल्ने देश कुन होला संसारमा ? प्रश्न पनि उठाइयो ।

प्रमुख अभियन्ता माया पाण्डेको प्रश्न थियो- प्रम बालेन नै ५ वर्षसम्मै सत्तामा बस्नुस तर देशलाई कसरी समृद्धि तर्फ लाने सुशासन चलाउने भन्ने बारे जान्न बुझ्न, हाम्रो कुरा सुन्न किन नचाहेको हामी युवाहरूको भावना अनुसार देशमा स्थिरता र शान्ति ल्याउन तयार भएर बसेका छौं । वहाँले हाम्रो सनातन धर्ममा मृत्यु भएकाहरूलाई तत्कालै सदगति गर्नु पर्छ आजसम्म गंगा माया अधिकारीको पति र छोराको लाश अस्पतालको फ्रिजमा राखि राखेको छ । हाम्रो देश भनेको धर्ममा चल्ने देश भएकोले मृत्युदण्डको सजाय माग गर्नु हुँदैन । जनयुद्धका खलनायक बाबुराम भट्टराई र प्रचण्ड जस्ता भष्मासुरलाई राज्यले पक्रेर जेल कोच्नुपर्छ ।

व्यवस्थापक शंकर मधैयाले गत भाद्र २३ गतेको जेनजी आन्दोलनको उदेश्य त्यस आन्दोलनले प्रतिविम्बित गरेको तर्फ बालेन सरकारले कुनै ठोस कदम चाल्न सकेको छैन । किन भन्ने प्रश्न गर्दै संवाद, सहमति र सहकार्यका लागि राजावादीसहित सबै राजनीतिक शक्तिहरूसँग बालेन सरकार सहज हुनपर्ने बताएका थिए ।

राजाको ढोकामा ८० वर्षे वयोवृद्ध नगिना रायले २०६५ सालमा गणतन्त्र लादे तापनि यो देशमा राजा छ, राजाको आवश्यकता छ भनेर साइकल चढेर गाउँ शहर घुमेको बताए । यो उद्देश्यका लागि आवश्यक परेमा शहीद बन्न समेत तयार छु भन्दै २०४६ साल देखि नै देशको अवस्था दिन प्रतिदिन विग्रँदै जानेछ भनेर भन्दै आएको कुरा कतैवाट पनि सुनवाई भएन, राजावादीहरू सबै अवसरवादीमा परिणत भएकोले हाम्रो चाहना पूरा हुन नसकेको हो, तैपनि देश र राजाको लागि संघर्षको मैदान छोड्ने छैन भन्ने कुरामा लक्ष्मी अधिकारीले विश्वास दिलाउनु भयो ।

# Every Revolution Redecorated Singha Durbar




Every Nepali has seen Singha Durbar, yet few pause to consider what it represents. Standing before one of the largest government palaces in Asia, one cannot help but ask how a country that remained among the poorest in the region for much of its modern history built such an extraordinary symbol of political power and privilege. The answer lies not in architecture but in Nepal's political economy. Revolutions have repeatedly changed who governs the state without changing how economic opportunity and national wealth are created and distributed, political leadership moving far faster than the institutions that shape who gets rich and how. In September 2025, Gen Z protesters set fire to the palace's main building, a fitting image for a structure that has now outlasted the Ranas, the Panchayat, and a republic, while the grievance driving each generation to its gates has stayed largely the same.

The Rana period established the pattern. After the Kot Massacre of 1846, in which Jung Bahadur Rana seized the state in a palace bloodbath, executive authority and control over state finances concentrated in a hereditary prime minister, with little distinction between the public treasury and personal wealth. Singha Durbar itself was built by Prime Minister Chandra Shumsher in a few years on land he acquired near Thapathali, using conscripted, largely unpaid labor, at a cost of roughly five million rupees, a fraction of the twenty million rupees he then charged his own government to buy it as the prime minister's official residence. He used the proceeds to build nine more palaces for his sons. Chandra Shumsher's government also abolished slavery in 1924 and secured a 1923 treaty with Britain that formally recognized Nepal's full independence, but the same concentration of power behind those reforms let him treat the state's finances as an extension of his household, a pattern later prime ministers would repeat in smaller ways.

The 1951 revolution ended hereditary Rana rule but not the fusion of political authority and economic privilege. Under King Mahendra's Panchayat system after 1960, Nepal built highways, schools, banks, and industry, counting well over a thousand registered industrial units by the mid 1980s. Even so, the palace stayed close to the country's biggest businesses. Kathmandu's first modern hotels, Soaltee and Hotel de l'Annapurna, were founded with royal capital, and Hotel de l'Annapurna's sister ventures, Yeti Travels and the Fishtail Lodge resort, were owned outright by Princess Helen Shah, wife of King Mahendra's brother Prince Basundhara. Soaltee itself was chaired for decades by Prabhakar Shumsher Rana, who grew up inside Singha Durbar and later advised King Birendra on foreign affairs. Licensing, procurement, and development patronage spread from the palace into the wider bureaucracy, and the commercial stripping of the Terai forests, timber sold across the border even as domestic industry starved for investment, became its enduring symbol.

B.P. Koirala, Nepal's first elected prime minister, had already diagnosed this pattern before his death in 1982. He described a new economic class, neither feudal nor capitalist, that depended on neither village prosperity nor market growth. It had "no roots here," he said, having grown prosperous chiefly through foreign aid, corruption, deforestation, and illegal trade.

No episode illustrates that broker class more precisely than Surya Bahadur Thapa's premiership during the referendum of 1979 and 1980. Installed by King Birendra in 1979 to save the Panchayat system from pro-democracy protests, Thapa was widely accused, and never formally charged, of financing the campaign through unregulated Terai logging permits and timber smuggled over the Indian border. The Panchayat side won, 55 to 45 percent, on May 2, 1980, delaying multiparty democracy for another decade, and Thapa was ousted by the National Panchayat in July 1983 by a lopsided 108 to 17, amid rumors that Prince Gyanendra had turned against him from inside the palace. His policies never catered to the feudal class or the capitalist class, but to the same middleman class Koirala had warned about, one that ran on foreign backing, palace favor, and *quid pro quo* rather than on anything it produced.

When multiparty democracy finally arrived in 1990, what had been a pattern of individuals became a pattern of institutions, the same behavior now spread across parties, agencies, and committees instead of concentrated in one prime minister at a time. Thirty of the 66 public enterprises the state had built since the 1960s were privatized or dissolved after 1992, often amid allegations of favoritism, without building a competitive economy in their place. Manufacturing stagnated, imports now run many times ahead of exports, and hundreds of thousands of Nepalis leave each year for work in the Gulf and Malaysia, their remittances doing more for growth than the domestic economy does.

Out of this weak governance came the Maoist insurgency of February 1996, which killed more than seventeen thousand people over ten years, roughly two government or Maoist deaths for every one uncertain casualty, before ending in the 2006 peace accord and the monarchy's abolition in 2008. That peace carried its own price. Of the 32,250 Maoist fighters registered in cantonments monitored by the UN, only 19,602 were ever verified as genuine combatants, yet the state spent Rs 9.79 billion over nine years on salaries and upkeep calculated against the larger, padded rosters. A still unresolved probe into roughly Rs 4 billion of that sum has named Maoist chairman Pushpa Kamal Dahal, former prime minister Baburam Bhattarai, and former minister Krishna Bahadur Mahara, none of whom has been charged.

Democracy did not close this ledger. The republic that followed only added to it. The Lalita Niwas scandal saw 143 ropanis of government land around the prime minister's own residence carved up through cabinet decisions in 1990, 1992, 2005, 2010, and 2012. The CIAA charged 175 people in 2020, but the former prime ministers whose cabinets made the key decisions were shielded as mere "policy choices." Prosecutors' own charge sheet put a price on the theft, accusing key architect Sobha Kanta Dhakal of causing the state a loss of Rs 6.84 billion and Bhatbhateni Supermarket owner Min Bahadur Gurung of causing a further Rs 4.91 billion, figures that alone put the government's documented loss above Rs 12 billion before counting the dozens of other defendants named in the case.

The years that followed produced a fresh scandal almost every season. In February 2020, a leaked recording caught Communications Minister Gokul Baskota demanding a bribe of over Rs 700 million on a printing press deal. He resigned, and the CIAA's own investigation later cleared him outright. A month later, the Omni Group sold the government overpriced, substandard Covid 19 test kits, and paid for it with a one year blacklist. A parliamentary committee found Rs 4.35 billion in corruption in Nepal Airlines' 2017 widebody jet purchase, a case still unresolved in the Supreme Court years later. And on July 7, 2026, a Kathmandu court convicted 23 people, including a former deputy prime minister and a former home minister, of a scheme that prosecutors' own charge sheet says defrauded ordinary Nepalis of roughly Rs 288.1 million on the false promise of resettlement in America as Bhutanese refugees, a verdict three years in the making that still awaits sentencing. Exposure, outrage, a committee, then silence. It was this accumulated history of unpunished theft, not any single scandal, that brought the Gen Z protests of September 2025, sparked by a social media ban that was later reversed but fed by decades of anger the state had never answered.

From the end of the Panchayat era, when public debt stood at roughly two billion dollars, about 100 dollars per citizen, to today, when it exceeds nineteen billion dollars, several times that per citizen even after accounting for a larger population, one question has never changed. It is not whether Nepal can borrow, but whether it has built anything productive to match what it owes, factories, exportable goods, jobs, rather than an economy kept afloat by remittances and aid. Out of that unanswered question, and the corruption and impunity behind it, came the Gen Z uprising, which toppled Oli's government in September 2025 and delivered, six months later, a landslide election to Balendra Shah and the Rastriya Swatantra Party, the first government formed by one party with a majority since 1999 and the clearest break yet from three decades of rotating establishment leaders. The people have placed enormous hope in that outcome, even as fresh unresolved cases keep surfacing on its watch, from a multi-billion rupee telecom license dispute involving Ncell and Smart Telecom to a Rs 10 billion electronic passport contract with two German firms now under investigation, reminders that scrutiny alone has never yet been enough. Singha Durbar is already being rebuilt, as it has been rebuilt before. Whether Nepal's oldest cycle, corruption followed by impunity, finally breaks under the government now moving into it, or simply finds a new generation of stewards, is the question this revolution, like every one before it, will now have to answer.

### 23 years of Young Rotary Club of Bhaktapur and Fellowship first meeting with the youngest RC of Godawari ( RN 164)

# Exchange of Rotary Events and Experiences

**By Uttam Karmacharya ----**

The first seed of Rotary club of Bhaktapur (RC Bhaktapur) was planted in Shiva Guest House on 6th October 2002.and hosted for several months of its regular weekly meetings and provided meeting venue and contact point. It was praiseworthy to note that Distinguished District Personalities had played a remarkable role to give birth to the Rotary Club of Bhaktapur taking care from the incubator of labor room to this field of social life: Service above Self.

We are very grateful to former Assistant Governor (AG )Rtn. Puskar Man Shakya who played a very important role as a Governor Special Representative (GSR) for establishing Rotary Club of Bhaktapur; AG Rtn. GopalSundarLallKakshepati ; District Secretary Rtn. Shiva BhaktaRajbhandari; born master trainer Rtn . DilendraShrestha; Rtn . William Ma; Chief Coordinator lateRtn. Dr.TikamanVaidya and Chief Counselor lateRtn. GopalRajbhandari. All of them have contributed a lot to establish Rotary Club of Bhaktapur. They deserved a special credit for the cause of promoting Rotary Club of Bhaktapur . We must express special honor and respect to all of them in response to their valuable contributions provided to us before and after Charter Certification on 25 th June 2003.

Firstly, RC Bhaktapur Meeting was hosted Shiva guest house coordinated and initiated by Rtn. Suresh Bdr. Dhaubanjar. BCCI Bhaktapur was kind enough to host the RC Bhaktapur for several years starting from the initiation of Chartere president Rtn. KP Tamrakar. Hotel Sweet Home supported for hosting RC Bhaktapur for more than one decade with initiation of Rtn. KP Awal

My Major and minor observations as I recapitalized as of today.

1. First donation for RC Bhaktapur was offered by Rtn .Keshav Diwakar around Rs. 54 thousand.

2. First donation was contributed from German Rotary Club for school building construction of Sarashwoti School through Jorh Barh under the initiation of Rtn. Sundar Pratap Rana

3. First DGs Visit was from Indian Rotary District 3290 Rtn. Amitabh Mukarji and Rtn. Pravir Chakraverti and Rtn. SwapanMukarji (team members ) 4. First Rotary Walkathon March in Bhaktapur and closing ceremony at Durbar Square and collection of donation around ten lacks Nepal Currency. 5. First DG Visit from Nepal Rotary District 1992 was by late Rtn. Dr. TikamanVaidya.

6. First scholarship from Canadian Rotary Club was supported by / through the initiation of Rtn. Rabindra Puri and Scholarship distribution in Mathurapaati Secondary School Phulbaari Kavre 7. First yearly scholarship was distributed at Bhaktapur Chamber of Commerce & Industries (BCCI) from the RC of Gonanaque Canada under the initiation of Rtn. Rabindra Puri 8. First RC Bhaktapur President after Charter Certification of two years was Rtn. Professor Dr. UttamKarmacharya.

9. First RC Bhaktapur Souvenir coordinated and editor by Professor Dr. UttamKarmacharya 10. First Vice President was Rtn. Neel Krishna Tamrakar 11. First RC Secretary General was Rtn. SundarPratapRana 12. First official Secretary was Mr. Raju Man Bajracharya 13. First Message of RI President sent by Rtn. RajkumarRajgaria, District 3290Governer 2003-4 14. First RC Bhaktapur admin office was established at Hotel Sweet Home with the initiation of Rtn. Om Krishna Shrestha 15. First participation in NepalDistrict Conference ofRI 3292 was joined at PragyaBhawan /at National Academy Kathmandu. 16. First Lady member was Rtn. KrineshowiHada 17. First fellowship picnic was organized in Maturapati BaardaliGhar under the initiation of Rtn.RabindraPuri 18. First Honorary member was Rtn. Jorh Barh from Germany 19. First Nepal District DG of RI Distrct 3292 Visited RC Bhaktapur by LateRtn. Dr. TikaManVaidya. 20. First Lady President of RC bhaktapur was was Rtn. Krishneshowi Hada 21. First RC Bhaktapur nomination as an advisor for District 3292 was Professor Dr. Uttam K . Karmacharya 22. First AG from RC Bhaktapur was Rtn. KrineshowiHada 23. First largest matching grant was approved for Shidhi Memorial Hospital Bhaktapur With the initiation of Rtn. Shree Shankar Pradhananga US dollar 1,18,000 24. First international visitors from Canada was led by Rtn. Rabindra Puri 25. First Maching grant for Gharsita Mutu was signed from Nepal Distrct 3292 initiated by Rtn.Sundar Pratap Rana 26. First donation for people with different abilities was offered to Mr.Suman Palikhel by providing three wheeler Motor cycle with the initiation of German Rotary club initiated by Rtn. Joerg Bahr 27. First participation in RI International convention was joined by the Past president Rtn. Om Krishna Shrestha in Florida 28. First RI President visit by Ms. Jennifer Jones 2022-23 29. First Barista Training and Job placement was assigned in 2022 at Gapali Bhaktapur 30. First chief Guest attended from political parties by Respectable Chairperson NM BijukschhenRohit to opening session of newly constructed building called Late GangadharHada Memorial Building of Medha schoolBhaktapur 2023. 31. The first Rotary Felicitation was decorated to Mr. TejeshworBabuGonga for his valuable contribution of promoting literature and culture.

32. First participation in foreign Rotary Clubs for attending regular meetings in the USA and Hong Kong was joined by Past president Professor Dr. UttamKarmacharya with the PPP of Rotary club of Bhaktapur 33. First highest Rotary members in 2023- 24, 46 (forty-six )as of 2023 June . 34. First highest Ladiesmembers 08 (Eightas of 2023 June ) 35. First Rotract Club of Bhaktapur sponsored by RC Bhaktapur was RotractClubof Phoolbari 36. First Interact club sponsored by RC Bhaktapur was Everest English School Bhaktapur 37. First major donor from RC Bhaktapur was Rtn . KeshavDiwakar (MPHF ) 38. First Elderly President Professor Dr. Uttam Karmacharya (as of today 2023 June) 39. First younger President was Rtn.. Neel Tamrakar as of today 2023 June. 40. First youngest Member Rtn. Pearlbiga Karki as of 2023 June

41. First lady president to participate in Rotary International Convention in Australia was by Rtn. Binita Hada(Pradhanang) with Rtn. Keshav Diwakar 2023. 42. 20 First RC Bhaktapur Rotary Education /information Kit folder was developed and distributed to all members with the self-initiation by Rtn. Sudar Pratap Rana. 43. First Rotary Walkathon March in Bhaktapur and closing ceremony at Durbar Square and collection of donation around ten lacks Nepal Currency.

After 21 years of paints taking efforts of Rotary club of Bhaktapur ( RC Bhaktapur ) contributed by all team membersof 20years under the 19th president and executive team members last year 2022-23 has become a memorable land mark to get seven types of exemplary Outstanding Awards to mark the history of RC Bhaktapur during the tenure of Past President Rtn. Binita Hada and her team members specially Executive members. They were: President Rtn. Binita Hada; IPP Rtn.Udaya Ram Shrestha ;President elect Rtn. Ganga Laximi Awal; President Nominee Rtn. Dr. gayanendra N. Dhaubhadel;Vice president Rtn. Rajesh Twanabasu ;Treasurer Rtn. Dashrath Prajapati; Sergeant at Arms Rtn. Radhe Shyam Suwal and Secretary Rtn. Khadanand Shiwakoti. All chairs of eight different club Organogram and members such as Club administration; Club membership; Public Image ; Service project ;TRF; Environment ; Club trainer and Club Mentoring are equally contributed a lot at their capacity to win the wonderful seven wonder of RI District 3292 Nepal . The seven awards were as follows: 44. 100% Membership Retention Awar 45. Second Runner Up literacy Program 46. Second Runner Up Disease Prevention and Treatment Awar 47. Second Runner Up economic and community development 48. RI President Visit Special Award 49. Special Award for Best President for Rotary Public Image to Rtn. Binita Hada 50. Best secretary Region 1 to Rtn. Khadananda Siwakoti 51. Starting Classification talk first by Rtn. PP. Shankar Pradhanaga; second by Rtn. PP Sundar Pratap Rana ; third by Rtn. PP Uttam Karmacharya; fourth by Rtn. Anup ; firth by Rtn. PP Krishneshwari and Rtn. Roshan Chikanbanjar.

# राष्ट्रिय मूलनीतिमा हुनैपर्ने विषयहरू



डा.शास्त्रदत्त पन्त

राजनीति पद्धतिको छनोट :

छनोट प्रक्रिया : देश भनेको पृथ्वीको एक भूखण्ड हो। त्यो भूभाग एकनासे छैन। भूबनोट अनुसार आआफ्नै पद्धति (राजनैतिक, सामाजिक, आर्थिक) अवलम्बन गरी देशलाई स्वस्थ र मजबूत बनाइराख्न आ-आफ्ना आवश्यक्ता अनुरूप जन सहभागितामा आधार गरेर दरिलो र स्पष्ट कदमहरू थालिनु पर्दछ। आफैले गर्ने विकासका योजनाहरू मात्र दीगो, छिटो र मितव्ययी हुन्छन्। कुन देशमा कस्तो राजनीतिक व्यस्था चाहिन्छ भन्नेकुरा त्यस देशको अवस्थाले निर्धारण गर्दछ। ती आधारभूत वस्तु हुन् :

जनताको चेतनाको स्तर।

देशको आर्थिक स्तर, (प्रतिव्यक्ति आयदेशका जनताको संस्कार संस्कृतिको अवस्था (सामाजिक रहन सहन, जीवन शैली)

देशलाई कसतो व्यवस्था चाहिन्छ भनेर थाहा पाउन माथि उल्लिखित विषयवस्तुको एउटा चार्ट अथवा ग्राफ खिच्नु पर्दछ। त्यसले जहा पुऱ्याउँदछ त्यस देशमा त्यही व्यवस्थाको निर्धारण गर्नु पर्दछ। श्रीकृष्ण, कौटिल्यका समाजवादहरू। कार्लमार्क्स, माओ, लेनिनवादहरू। र अन्य पुजिपति समाजवादहरू। निजीकरण, उदारीकरण, भूमण्डलीकरण र पुजिवादहरू कुनै पनि हुवहु सबै ठाउँमा सबै कालमा लागु हुन सक्दैनन्। यस पद्धतिबाट तलको विन्दुबाट माथिको विन्दुतिर जनताको मानसिक स्तर र राज्यको सरदर तहका आधारमा विस्तारै तल उल्लेख भए अनुसार बढ्दै जान्छन्। त्यो नै शान्तिमय परिवर्तनकालागि सधैं सत्य र सही हुन्छ। यी कुराको ख्याल नगरी राजनीतिक संघर्ष वा निर्णयबाट गरिने आमूल परिवर्तनले थप हिंसा र नयाँ नयाँ द्वन्द्व जन्माई राख्छ, कहिल्यै कसैले राष्ट्रको समस्या समाधान गरेर दीगो उन्नति गर्न सक्दैन। बंगलादेश, नेपाल, इराक, अफगानिस्तान, भुटान, भियतनाम, इथियोपिया आदि देशलाई उदाहरणका रूपमा लिन सकिन्छ। यस सिद्धान्तबाट तल उल्लेख भए अनुसार राज्य रूपान्तरित हुँदै जान्छ। दवाब कार्यविधिबाट प्रदर्शनकार्यविधितिर (Coersion to persuasion ): अर्थात प्रजातान्त्रिक व्यवहारतिर उन्मुख हुँदै गइन्छ।

निर्देशितबाट स्वनिर्णिततिर (Guided to non guided democracy):

उपकारी तानाशाहीबाट प्रजातान्त्रिकतिर (Benivolent dictator to democratisation):

सार्वजनिक अर्थनीतिबाट मिश्रित अर्थनीतितिर (Public Enterprises to Mixed economy)

मिश्रित अर्थनीतिबाट निजीकरणतिर ९त्तबतभ अयलतचर्या तय निजीकरणबाट भूमण्डिलीकरणतिर (Privataisation to Globalisation):

अनि जनमुखी विकास राजनीतितिर ९एयष्तिष्अक ाथच मभखभयिऊभलतφ

निर्देशितबाट सहभागितामूलक ( From Qmate control to people control): देशका जनता जति अचेतन अवस्थाको स्तरमा रहेका हुन्छन् राज्यको निर्देशन त्यतिनै बढि हुन्छ, हुनु पर्दछ। चेतनाको मात्रा बढेको अनुपातमा राज्यले आफ्नो निर्देशन घटाउदै जानु पर्दछ। यो घट्ने क्रमको अनुपातमा पहिले विकेन्द्रीकरण हुदैं जान्छ, त्यसपछि त्यो अधिकार समूह (Communities Based Organisations) मा थपिदैजान्छ। पहिले राज्यले चलाएका यस्ता कुरा पछि समुदायले चलाउँदछन्।

राज्यको भूमिका माथिल्लो हुने अवस्था बढी मात्राबाट क्रमशः कम मात्रामा जाने अवस्थालाई क्रमशः सर्वहारा तानाशाही (Proleteriat Dictatorship), उपकारकारी तानाशाही (Benevolent Dictatosrship), सीमित प्रजातन्त्र, (Limited Democracy) ;dfhjfbL k|hftGq, (SocialiQmic Democracy) र उदारवादी प्रजातन्त्र (Liberal Democracy)का रूपमा विकसित गरिनु पर्दछ। उपकारी तानाशाहीबाट प्रजातान्त्रिकतिर (Benivolent dictator to democratisation): आर्थिक उन्नति नभईकन राज्यले वाञ्छित सेवा र सुविधा उपलब्ध गराउन सक्दैन। सेवाको अभावमा चेतना बढाउन सकिँदैन। अतः राज्यको दोश्रो अवस्थामा उपकारी तानाशाही राज्यको खाँचो पर्दछ। यसमा भ्रष्टाचार हुने खतरा बढी हुन्छ, त्यसबाट जोगाउन सक्नु पर्दछ। पाकिस्तान यसको नमुना उदाहरण हो।

सार्वजनिक अर्थनीतिबाट मिश्रित अर्थनीतितिर (Public Enterprises to Mixed economy): उपकारी तानाशाही राज्य (Benevolent Dictatorship) मा मिश्रित अर्थ नीतिको आवश्यक हुन्छ। क्रमशः तल उल्लिखित अवस्थातिर लगिदै गरेपछि देश निरन्तर अगाडि बढ्दछ। लग्ने पद्धति पूर्व उल्लिखित राजनीतिक पद्धतिको चयनकै आधारमा हुनु पर्दछ। जनगणतन्त्र चीनलाई विश्वकै स्पष्ट, उत्कृष्ट तथा ज्वलन्त उदाहरणका रूपमा लिन सकिन्छ।

मिश्रित अर्थनीतिबाट निजीकरणतिर (Qmate control to Privatisation): एकैचोटी राजनीतिक निर्णयबाट हचुवाका भरमा निजीकरण घोषणा गर्दा दुइटा गंभीर खतरा उत्पन्न हुन्छन्। एउटा संगठित हुन पाउने अधिकारको दुरूपयोग गरेर कुनै एक वस्तु उत्पादक वा विक्रेताले गैङ्गवाद खडा गरेर उपभोक्ताले थेग्न नसक्ने महंगाइमा पुऱ्याउँदछन्, शोषण गर्दछन्, होर्डिङ गर्दछन्, कृत्रिम अभाव वनाउदछन्। दोश्रो, उनीहरूको गुणस्तर र प्रतिस्पर्धी सीपको अभावले उद्योग र व्यापार विफल हुन्छ र त्यो बजार विदेशीका हातमा पुग्दछ। राष्ट्र विस्तारै असफलतातिर उन्मुख हुन्छ। यी तीन कुराको उदाहरण क्रमशः २०६२ सालको प्रति किलो २३ रूपैयाबाट ४८ रूपैयामा वृद्धि गरिएको फलामे डंडी, सन १९९० /९१ को रूसका जनताको जीवन र १९९५ पछिको नेपालको उद्योग व्यापारलाई लिन सकिन्छ।

निजीकरणबाट भूमण्डलीकरणतिर (Privataisation to Globalisation): त्यस देशका सार्वजनिक र नीजी उद्योग व्यापारको प्रतिस्पर्धामा नीजी क्षेत्र मात्रै देशको अर्थतन्त्र धान्न सक्ने र विदेशीसंग पूर्ण रूपले प्रतिस्पर्धा गर्न सक्ने प्रमाणित भएपछि मात्र राज्यले सार्वजनिक संस्थान निजिकरण गरेर निजिलाई मात्र छाडेपछि व्यापार भूमण्डलीकरणतिर उन्मुख हुन्छ। राज्यको वार्षिक व्यापार संतुलनले मात्र त्यो सफल वा असफल भएको पुष्टि गर्दछ।

जनमुखी विकास राजनीति (Politics for development): राज्यमा जुनसुकै राजनीतिक व्यवस्था भएका अवस्थामा पनि जुनसुकै दलको वा सरकारको काम जनतालाई रोजगार दिएर सबै प्रकारको सुखसुविधा दिनु र देशलाई हरतरहले समुन्नत बनाउनु हो। पद्धति वा दलको काम कस्ले कसरी छिटो गराउने भन्ने हो। त्यसरी राजानीतिलाई विकासको लागि राजनीति भनिन्छ। केवल पदका लागि गरिने राजनीति राजनीतिका लागि राजनीति हो। त्यस्तो राजनीतिमा राष्ट्रिय मूल नीति हुदैंन। नेपाल त्यसको ज्वलन्त उदाहरण हो। छ दशक भन्दा लामो नेपालको राजनीतिमा सत्ता होड वा सत्ता मोहमा सीमित भयो, राष्ट्रिय मूल नीति बन्न सकेन।

य दवाव या प्रदर्शन (Coersive to Persuasive way) : कार्यान्वयन पद्धतिमा दवाव (Coersive) कार्यविधिबाट प्रदर्शन (Persuasive) कार्य विधितिर अर्थात् राज्य निर्देशनबाट जनसहभागितामूलक स्व-निर्णयिक प्रजातान्त्रिक व्यवहारतिर उन्मुख हुँदै गइन्छ। अमेरिकामा प्रदर्शन पद्धति जति प्रभावकारी छ नेपालमा त्यसको एक दसांश पनि छैन। परिवार नियोजनका साधनका विज्ञापन, उपभोग्यवस्तुको विज्ञापनको प्रभाव अथवा वातावरणीय सफाइका कुरालाई मात्र विश्लेषण गरे पनि यो कुराको पुष्टि हुन्छ। जनचेतना बढेपछि आफै बन्दछ (Persuasive way) भनेर पर्खने एकथरि पाश्चात्य विचारको भनाइमा लाग्ने हो भने त्यसबेलासम्म सबै बितिसक्ने छ। यसलाई निम्न तालिकाबाट अझ स्पष्ट पारौं :

राज्यको यथार्थ अवस्थाले मिल्ने राजनीति हुर्काउन सक्ने देशलेमात्र अवरोधविना देशलाई निरन्तर अगाडि बढाउन सक्दछन्। सिंगापुर, जनगणतन्त्र चीन, दक्षिण कोरिया, मलेसिया, थाइलैण्डदेशहरू मिलाउन सकेका देशहुन् भने इथियोपिया,पपुवा न्यूगिनी, जिबुती, बनुआती, अफगानिस्तान, बंगलादेश, नेपाल मिलाउन नसकेका नमूना देशका उदाहरण हुन्।

राजनीति पद्धति मिलाउन नसकेपछि देश अज्ञानता, नास्तिक्ता, गरीबीतिर उन्मुख भएको हुन्छ। त्यस अवस्थाको अस्वस्थकर समाज सदा द्वन्दतिर मात्र उन्मुख हुन्छ। त्यस्ता द्वन्दले क्नै पनि मोड लिन सक्दछ, सम्पन्न र विपन्नबीच, जातीय सांप्रदायिक्तातिर अथवा अन्य क्नैतिर यसरी मोडिन्छ कि त्यहा कहिल्यै पनि कचिंगलबाट देश मुक्त हुदैन। सुरक्षा खर्च बढ्छ , विकास घट्छ, देश र जनताको स्तर माथि उठ्न सक्देन। २०३७ देख २०६४ सम्मको नेपालको स्थिति यस्तै छ , त्यतैतिर उन्मुख छ।

राजनैतिक व्यवस्थाको सही चयन हुन सके मात्र प्रशासन अस्थायी र व्यक्तिपरक नभएर दीगो र पद्धति ९अथतक्षθ मा आधारित हुन्छ। पद्धतिमा चलेको व्यवस्थामा मात्र निष्पक्षता रहन्छ। यस्तो भएमा मात्र जनताले : सेवा र सुविधाको समान अवसर पाउँदछन्। क्रमस...

# ऋण लिएर घ्यू खानेहरूको जमात



सुरेशकुमार पाण्डे

मन्त्री स्वर्णीम वाग्ले भन्छन् ३५०० लिएर १ लाखको औषधी दिन सकिदैन। सरकारमा बसेका मन्त्रीको यस्ता अभिव्यक्ति दिन्छन् । सांसद मन्त्रीहरू विदेशमा पुगेर उपचार गराउँछन् राज्य कोषबाट। जनतालाई दिने सिटामोल छैन, राज्य सङ्ग बिमाको वर्षको ३५०० तिरेर औषधी लिनेहरू एउटा रोग जचाउन सारा दिन लाग्छ। त्यो बिमालाई हटाउने प्रयास गर्दै छ। यद्यपि सरकारले बिमाका औषधीहरूमा पहिले नै सेंसरसिपद्वारा कुन औषधी मिल्ने कुन नमिल्ने लिष्ट बनाइदिएको छ। तिनै मध्य औषधी पनि सबै भित्रबाट मिलेको पाइदैन। कतिपय औषधी बाजारमा किन्नुपर्छ। त्यो मात्र होइन बिगतमा उपचारको बहानामा घुमेर मेडिकल बिल समेत कलेम गरेका समाचार आएका थिए। तर जनतालाई उपचारमा बिभेद ?

हाम्रो छिमेकी मुलुक भारतमा त्यो देशका नागरिकहरूलाई फ्री उपचारको सेवा छ। जतिठूलो रोग भएपनि उनिहरूको उपचार हुन्छ। उनिहरूले बिमा सिस्टम सुरू गरेका छैनन् पब्लिकसङ्ग एक रूपियां नलिएर पनि उनिहरूको जस्तोसुकै ट्रेटमेन्ट हुन्छ। भारतको जनसङ्ख्या एक अर्ब ४६ करोड भन्दा पनि बढि छ। नेपालको तीन करोड अपुग जनसङ्ख्या छ। कतिपय अवस्थामा त नेपालले आफै भारतमा रोघि पठाइदिएको हुन्छ। नेपालबाट रिफर गरेका रोगिहरू समेतलाई भारतले उपचार गर्दै आएको इतिहास छ। अहिले त भारतले भारतको डुकोमेन्ट माग्न थाल्यो। उनिहरूले आफ्नो देशका नागरिकहरूलाई रासनकार्डबाट दाल चमल गहुं लगायतका खाद्यान् बाँड्छन्।

हाम्रो देशमा बिमा गराउँदा पनि यस्तो अवस्था छ। एउटा प्राइवेट कम्पनीले बिमा गराएर कमाई गरिरहेको छ तर सरकारले भन्छ हामिले सक्दैनौं। इन्शुरेन्स् कम्पनीले बिमा गरेर हजारौ कर्मचारीलाई तलब दिएर पनि मुनाफामा छन् तर हाम्रो सरकार भन्छ स्वास्थय बिमाबाट देश कंङ्गाल भयो।

बिमा भनेको सरकारले नागरिकलाई दिने औषधी सहयोग हो। सरकारले निसुल्क औषधी उपचारको सहयोग दिन नसकेर बिमा सिस्टम सरकार आफैले सुरू गरेको हो। बिमा भैइसकेपछि औषधी उपचार फ्रीमा हुनुपर्ने त्यसमा पनि एक लाखको सिमा राखेको छ।त्यसैमा पनि सरकारको टाउको दुखिरहेको छ। कहिले बुढापा पेन्सनको लागि रोएको छ, कहिले बिमाको लागिरू। यद्यपि सबै औषधी अस्पतालबाट प्राप्त हुँदैनन् बिमाको बावजुद पनि बाहिरबाट किन्नु परिरहेको छ। हुनुपर्ने बिमाको लिष्टमा भएका औषधी ग्राहकले किन्नु पर्छ भने त्यसको भुक्तानि सरकारले गर्नुपर्ने हो। देशका जनताले सरकारलाई कर तिरिरहेकाछन्। अनि जनतालाई यो सरकारले के कति राहत दिएको छ ? जनताको करबाट उनिहरूले तिरेको बिमाको रकमबाट औषधी उपचार गराउँदा सरकारले भन्छ हामिले ३५०० मा एक लाखको औषधी दिन सक्दैनौं। आफूहरूको तलब, भत्ता र राष्ट्रले उठाउदै आएको फिजुल खर्चमा रोक लगाउन किन सक्दैन सरकार ?

सरकारले किन विदेशबाट ऋण लिएर सङ्घीयता चलाउनु पर्यो ? के बाध्यता छ ? देशलाई कङ्गाल गराउने सङ्घीय प्रणाली किन चाहियो ? देशमा गणतान्त्रिक व्यवस्था आएपछि यही सङ्घीयताले ऋण स्वात्तै बढेको छ। विदेशीको इसारामा थोपेको व्यवस्था नेपाली जनतालाई किन चाहियो ?

विदेशीको देश मण्डि भयो, उत्पादन भएन। आजपनि त्यो समस्या जस्ताको तस्तै छ। युवाहरू काम नपाएर राजनीतिमा लागेका छन्। देशले आज न निकास पायो न विकास ?

सरकारले फेरी पनि २५ अर्ब सहुलियत ऋण एडिबीसङ्ग लिने भएको समाचार छ । यो भन्दा पछिल्लो ऋणसम्म आईपुग्दा नागरिकलाई १ लाख ५ सय भन्दा बढेको छ।

पछिल्लो तथ्याङ्क अनुसार रू २९ खर्ब ६१ अर्ब नाघेको थियो। जसमध्य धेरैजसो रकम विश्व बैंक र एसियाली विकास बैंक जस्ता निकाएंबाट लिएको थियो। पछिल्लो तथ्याङ्कलाई मान्ने हो भने कुल सार्वजनिक ऋण ४४.८७ % पुगेको थियो। जस अनुसार प्रत्येक नेपालीको भागमा ९१ हजार भन्दा बढि आउंछ। पछि बढेर १ लाख ५००सय भएको थियो। अहिले सरकारले फेरी ऋण लिने निर्णय गरेको छ। वि.स २०४६ को आसपासमा कुल ऋण ७० अर्ब थियो जसलाई भाग लगाउँदा एक जनालाई २,८००/पर्दथ्यो। त्यो भन्दा पहिले ऋण थिएन। राजाको पालामा धेरै कलकारखानाहरू सञ्चालित पनि थिए। राजतन्त्र गएपनि देशको अवस्थामा सुधार भएको देखिएन। बरू देशका कल कारखाना बन्द भए वा नीजि हातमा सौंपियो। अठितस वर्षमा २८०० ऋणबाट एक लाख भन्दा बढेको छ। हाम्रा नेताहरू ऋण लिएर घ्यू खाने मध्यका परे। त्यसैले हाम्रो देश हरिकङ्गाल भएको छ। जनतालाई दिने सुविधामा कुनै फर्क देखिएन । जनताको अवस्था कष्टप्रद नै छ। युवाहरू निर्यात हुन्छन्।

अहिलेको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार खास गरेर गरिब, किसान सुकुम्बासी अर्थात श्रम जीविको हितको सरकारनै होइन्। यसबारेमा बालेन काठमाण्डौका मेयर हुँदा उनले फुटपाथमा बसेर मकै पोलेर बालबालिका पाल्नेहरूमा देखाएको व्यवहारले पनि उन्को बारेमा प्रष्ट पारेको थियो। पछि उनिहरूले देशका बिभिन्न कार्यलयहरूमा खास गरेर मालपोत कार्यलयहरूमा जसरी आगजनी गरे त्यसबाट आम जनताले सास्ति खेप्नु परिरहेको छ। ति अधिकांस गरिब नै हुन्। सुकुम्वासीहरूले उनिहरूको सिकार हुनुपरेको छ।

उपरोक्त केही तथ्यहरूबाट पनि राष्ट्रिय स्वतन्त्र पार्टीको यो सरकार गरिब जनताको हितमा छैन् भन्ने कुरा प्रमाणित हुन्छ। यिनिहरूले देशलाई लगातार ऋणमा पारेर साम्राज्यवादीलाई भित्राउने हुन् की भन्ने आशङ्का गर्न उनिहरूको व्यवहारले बाध्य गराएको छ। कयौं पटक स्वर्णीम वाग्ले भन्दै आएकाछन् अमेरिकिसेना नेपालमा आउन सक्ने छ। यदि अमेरिकाको सेना नेपालमा आउन नदिए देश कालो सुचिमा पर्नसक्छ। यस्तै कथन डाक्टर बाबुराम भट्टराईले पनि भनेका थिए आफू प्रधानमन्त्री हुंदा "यदि विप्पा सन्धि भएन भने देश मर्ज हुनसक्छ।"-यसरी के बुझिन्छ भने देशभित्र बन्ने सरकार विदेशीको चाकडीका लागि नै बन्ने गर्छन्। अहिले बालेन सरकारले पनि त्यही कुरा प्रमाणित गर्दै आएका छन्। घुमाई फिराई एम सी सी सम्झौता जस्ते आइ पि पि नगरे देश कालो सुचिमा पर्ने छ। देशभित्र स्वतन्त्र र स्वाभिमान सङ्ग बाच्ने नागरिकलाई छुट छैन्। यसरी देशले ऋण गरेर ऋण ब्याज तिर्दै जान थाल्यो भने देशको भविश्य कस्तो होला ? अनुमान गरौं।

देश समृद्धीतर्फ डोराउनका लागि खर्चमा कटौती त गर्नै पर्छ। अरू होइन देशमा हुने चुहावट रोक्नुका साथै सङ्घीयता खारेज गरेपछि देशको आर्थिक भार कम हुनेछ। अर्को मन्त्रीहरूले ऋण काडेर घ्यू खाने परमपराको अन्तय गर्नैपर्छ। बिमा जस्तो जनतालाई उनिहरूकै पैसाबाट दिएको सुविधा कटौती गर्न खोज्नु भनेको कुनैपनि भिजन नभएका वा जनता माराहरूको व्यवहार हो। अहिले गरिब जनताहरूले वर्षमा पैंतिस सय जम्मा गरेर पारिवारमा आईपरेको घटनालाई केही सहयोग होला भनेर गरेका हुन्छन्।

पहिले सरकारी अस्पतालमा निशुल्क औषधी उपचार गर्ने परमपरालाई बिमाको लोलिपोप देखाएर त्यो समाप्त गरियो अहिले त्यही बिमा सरकारको आँखामा चुभेको छ। प्रमाण यस्तै भटारो हानेर दिँदैछ। तर जनता नै शक्तिशाली हुन्छन् भन्ने कुरा भुल्नु हुँदैन। जनताले चाहे फेरी आन्दोलन चर्किने छ। जसले तमाम प्रतिङ्ग र कसिङ्ग समयको डस्टबिनमा थन्काइ दिनेछन्। यदि बिमाबाट घाटा हुन्यो भने ईन्सुरेन्श कम्पनी, प्राइवेट मोट वहानका बिमा कम्पनीहरूले आफ्ना कर्मचारीलाई तलब दिएर पनि मुनाफा कमाउँछन्। कसरी ? सरकारले नागरिकको स्वास्थ्य सुविधा, रोजगार, सुरक्षाको व्यवस्था त गर्नै पर्छ। सडक र सरकारमा अलग अलग कुरा ? अति भयो।







राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०    भ्याट नम्बर- ३०४५६२४४४
मंगलबार Tuesday
२०८३ साउन ५, July 21, 2026





## अन्तिम पातो - शाश्वत शर्मा

# अहिले यत्ति गर्न दिऊँ

सत्तारूढ रास्वपाको महाधिवेशन सम्पन्न भएको छ। अव्यवस्था, भद्रगोल माहोलमा महाधिवेशन भए पनि एकता देखियो। यद्यपि पदाधिकारी र कार्यसमितिमा अनेकन विवाद सतहमा आयो। तथापि आगामी दिनमा सुधार हुनेछ भनेर रास्वपाभित्रै चित्त बुझाइएको छ। सबेभन्दा खतरनाक विषय भनेको रास्वपाकै सांसद डा.अमरेशकुमार सिंहले महाधिवेशन बहिष्कार गरे, त्यसपछि निरन्तर रूपमा देश संकटमा छ भन्दै बालेन्द्र सरकार र रास्वपामाथि आक्रोश पोखिरहेकै छन्। रास्वपाले संघीयता अन्तर्गतका केही संरचना घाउने र रोज्जा मन्त्रालयको मन्त्री बन्न नपाएकोमो डा.अमरेश उग्र विरोधी बनेर देखा परेका छन्। यो परिदृश्यले रास्वपा चर्किने, चिरापर्ने खतरा देखिन्छ। डा.अमरेश नेपाली राजनीतिमा दक्षिणा आशीर्वाद पाएका नेता र अराजक एवम् उग्रताका लागि प्रख्यात छन्। यसकारण उनले बालेन्द्र सरकारलाई अप्ठेरामा पार्ने खतरा बढी देखिन्छ। त्यसो त विचौलिया दीपक भट्टकै अनुचर हुन् यी भनेर पनि समाचारहरू आइरहेकै छन्। त्यस हिसावले उनी रास्वपाको कारवाहीमा पर्ने नेताका रूपमा चर्चित भएका छन्। एकातिर रास्वपाका असन्तुष्टहरूलाई कांग्रेस, एमाले, नेकपाले समेट्न खोजेको र अर्कातिर डा.अमरेशहरू रूष्ट बन्नुले रास्वपाभित्र मात्र होइन, राजनीतिमै ठूलो भूकम्प जाने खतरा देखिदैछ। त्यसो त अहिलेसम्म बालेन्द्र सरकारले राम्रै काम गरिरहेको छ। सहकारी पीडित, सुकुम्वासी र अन्य पीडितहरूको विषयमा छिटो छरितो निर्णय गर्न नसकेकोमा आलोचना गर्दै छिटो काम गर्न दबाब बढेको छ। यसैवीच भारतका गोदी मिडियाहरूले बालेन्द्र साह सरकारको तीव्र आलोचना बढाएका छन्। खासगरी बालेन्द्र साहको राष्ट्रियताप्रतिको अडान भारतलाई बिझेको हुनुपर्छ। त्यसैले नेपाली राजनीतिमा अर्को सुनामी ल्याउन भारतले गोदी मिडिया प्रयोग गरेर प्रम बालेन्द्रलाई जनताको नजरमा गिराउने प्रयत्न गरिरहेको हो। प्रतिपक्षीको आरोप र बिद्रोह, भारतको नकारात्मक प्रवृत्ति बढ्दो छ। त्यसमाथि नेपालमा दलाई लामाको सकृयता बढ्नु र लामाको जन्मोत्सव मनाउन अनुमति दिएको विषयले चीनको मनमा चिसो पसेको छ। बालेन्द्र साहलाई चुनौती बढ्दैछ। त्यसमाथि मन्त्रिपरिषदभित्रै बिबाद बढेको थप समस्या पनि देखिन्छ। यसैवीच राप्रपा, श्रम संस्कृति पार्टीले पनि बालेन्द्रलाई हटाएर रवि लामिछानेलाई नै प्रधानमन्त्री बनाउने चलखेल भइरहेको हावा पनि तीव्र रूपमा बढेको छ।

तर हालै सम्पन्न महाधिवेशनमा त्यस्तो केही देखिएन। सभापति रवि लामिछानेले झुक्किएर मेरो खुट्टामा बल आयो भने म प्रम बालेन्द्रकै खुट्टामा पास दिनेछु भनेर सबैलाई आश्चर्यमा पारिदिएका थिए। हालै सभापतिले भनेका छन्- प्रम बालेन्द्र साहका नियतमा कुनै खोट छैन। गलत निर्णय भएछन् भने रातारात सच्याइनेछ। यसरी रास्वपाभित्र एकता र विश्वास कायम छ। यति भए पनि नेपाली राजनीतिमा भन्नचाहिं केही सकिन्न। केही दिन अघिमात्र नेकपा र एमालेले मिलेर आन्दोलनमा जाने निर्णय गरेका छन्। सीमा समस्या सुल्झाउन प्रम बालेन्द्र साहले कूटनीतिक नोट पठाएपछि र परराष्ट्रमन्त्रीले समेत प्रमकै लाइनबाट कुरा राखेपछि प्रम बालेन्द्र साह भारतका लागि अपाच्य हुनथालेका हुन्। त्यसमाथि भारतका विदेश सचिवलाई भेट्न चाहेनन्, एजेण्डा तय नभई भारत भ्रमणमा पनि गएनन्। यसकारण भारत प्रम बालेन्द्र साहप्रति नकारात्मक देखिन्छ। प्रम बालेन्द्र र रास्वपालाई सहज छैन, झण्डै दुई तिहाइ भएर पनि अनेकन अल्झो र बिरोध भइरहेकै छ। पुराना भ्रष्ट नेताहरू उचालिने र उफ्रने कारणले पनि राजनीति तातेको देखिन्छ।

जनताले निर्वाचनबाट पुरानालाई किनारा लगाइदिए। नयाँलाई चुने। नयाँले बहुमतको सरकार त बनाए। पुरानाहरू चुप लागेर बस्ने देखिदैन। निर्णय गर्ने लोसे तरिका र पुराना कुडाकरकटको असहयोगले बालेन्द्रको एकमनाको सरकार अनेकन प्रश्नको घेरावन्दीमा परेको छ। बिरोधी भन्न थालेका छन्- रास्वपा र बालेन्द्र सरकार सडकबाट जान्छ कि ? सदनभित्र टुक्रिएर छिन्नभिन्न भएर जान्छ ? एकथरि यस्तो पर्खाइमा छन्। आमनेपालीहरू जो राष्ट्रप्रति बफादार छन्, जो स्थिरता र विकास चाहन्छन्, जो कुशासनको अन्त्य र भ्रष्टाचारको सफाया चाहन्छन्, राष्ट्रघात नहोस् भन्छन्, तिनीहरू यही सरकारको निरन्तरता चाहिरहेका छन्। ०४६ सालपछि विभिन्न खाले पुराना दलहरूले गरेको फोहर सय दिनमै बढार्न सकिदैन। बढार्ने क्रम सुरू भएको छ। खान्तेपिन्ते भ्रष्टहरूलाई छटपटी भएको छ, भ्रष्टका विदेशी अभिभावकहरू छटपटिएका छन्, आम नेपालले भने विश्वासका साथ धैयर र सहनशील भएर बालेन्द्र सरकारलाई काम गर्न दिनुपर्छ, भ्रमको पछि लाग्नु हुन्न। बालेन्द्र सरकारले गर्ने संविधान संशोधनका राजतन्त्रलाई स्थान दिन्छ कि दिन्न, जनताका लागि महत्वको विषय यही हो। त्यसका लागि पनि धैर्यता चाहिन्छ।



## नारायण प्रसाद मिश्र



# सुशासन: राष्ट्रिय सदाचार नीतिको सफलताको मूल आधार

नेपालले सन् २०१८ मा पनि राष्ट्रिय सदाचार नीतिको मस्यौदा तयार गरेको देखिन्छ। तर त्यो कार्यान्वयनमा आउन सकेन। अहिले नेपाल सरकारले राष्ट्रिय सदाचार नीतिको आवश्यकतालाई विशेष महत्व दिएको छ। त्यसैको परिणामस्वरूप अहिले राष्ट्रिय सदाचार नीति, २०८३ जनसमक्ष आएकोछ। यस्तो नीति निस्सन्देह महत्त्वपूर्ण छ। यसको मुख्य उद्देश्य सार्वजनिक जीवनमा इमानदारी, पारदर्शिता, जवाफदेहिता तथा नैतिक आचरणको प्रवर्द्धन गर्नुनै हो भन्नु अन्यथा नहोला।तर एउटा सदाचार नीति मात्रले कुनै राष्ट्रलाई रूपान्तरण गर्न सक्दैन। राष्ट्रमा सुशासन स्थापना गर्ने अनेक साधनहरूमध्ये यो पनि एउटा साधन भने निश्चय पनि हो।

सुशासनबिना उत्कृष्टभन्दा उत्कृष्ट सदाचार नीति पनि कागजमा सीमित दस्तावेज मात्र बन्न पुग्छ।

सुशासन सदाचारभन्दा धेरै व्यापक अवधारणा हो। यसभित्र सदाचार मात्र होइन, विधिको शासन, जवाफदेहिता, पारदर्शिता, कार्यकुशलता, निष्पक्षता, न्याय, जनसहभागिता तथा लोकतान्त्रिक मूल्य-मान्यताप्रतिको सम्मान पनि समावेश हुन्छ। अर्को शब्दमा भन्नुपर्दा, सदाचार सुशासनको एउटा आधारस्तम्भ हो भने सुशासन समुन्नत, सभ्य र समृद्ध राष्ट्र निर्माणको आधारशिला हो।

कुनै राष्ट्रले नयाँ नीति घोषणा गर्दैमा वा नयाँ कानुन बनाउँदैमा सुशासित राष्ट्र बन्दैन। जसरी कुनै व्यक्तिले आफूलाई कुनै धर्मको अनुयायी हुँ भन्दैमा मात्र धार्मिक बन्न सक्दैन, त्यसैगरी कुनै सरकारले सदाचार नीति स्वीकार गर्दैमा मात्र जवाफदेही सरकार बन्न सक्दैन। वास्तवमा महत्त्वपूर्ण कुरा भनेको शासन सञ्चालनमा इमानदारी, निष्पक्षता, उत्तरदायित्व र नैतिकताको व्यवहारिक अभ्यास हो।

नेपालमा नीति, कानुन, आयोग तथा संवैधानिक निकायहरूको अभाव छैन। तर पनि भ्रष्टाचार, अधिकारको दुरूपयोग, पक्षपात, राजनीतिक हस्तक्षेप तथा प्रशासनिक ढिलासुस्तीले आज पनि देशलाई गाँजिरहेको छ। त्यसैले नेपालको समस्या सदाचार नीतिको अभाव मात्र होइन; वास्तविक समस्या सुशासनको अभाव हो।

सुशासनको सुरूआत असल चरित्र भएका मानिसहरूबाट हुन्छ। सार्वजनिक जिम्मेवारीमा रहेका व्यक्तिहरूमा इमानदारी, निष्ठा, सत्यनिष्ठा तथा राष्ट्रप्रतिको कर्तव्यबोध नभएसम्म कुनै पनि सरकारले इमानदार ढंगले काम गर्न सक्दैन। यस्ता गुण सरकारी निर्देशनले मात्र सिर्जना गर्न सकिँदैन। यी गुणहरू परिवार, शिक्षा, संस्कार, संस्कृति तथा नैतिक मूल्यहरूको माध्यमबाट बाल्यकालदेखि नै विकास हुँदै जाने कुरा हुन्।

विगतमा नेपाली समाज आर्थिक दृष्टिले उतिको सम्पन्न थिएन, तर नैतिक दृष्टिले अत्यन्त समृद्ध थियो। इमानदारी, निष्ठा र सत्यनिष्ठालाई समाजमा उच्च सम्मान दिइन्थ्यो। आमाबुबा, गुरू, अग्रज तथा आध्यात्मिक मार्गदर्शकहरूले हामीलाई असल र खराब, धर्म र अधर्म, पुण्य र पापबीचको भिन्नता सिकाउँथे। हाम्रो संस्कृति र धार्मिक परम्पराले सत्य बोल्न, इमानदार हुन तथा अरूको अधिकार र सम्पत्तिको सम्मान गर्न प्रेरित गर्थे।

मैले मेरो वाल्यकालमा अनुभव गरेको काठमाडौं उपत्यकाका ज्यापू किसानहरूको एउटा विश्वास आज पनि स्पष्ट सम्झना छ। धान काट्ने मौसममा सार्वजनिक स्थानमा छिमेकीहरूसँगै धान सुकाउँदा झुक्किएर पनि अरूको धान आफ्नोमा पर्न गयो भने त्यो ठूलो पाप हो र त्यसको फलस्वरूप नरक जानुपर्छ भन्ने उनीहरूको विश्वास थियो। त्यसैगरी खेत जोत्दा वा खेतीपाती गर्दा छिमेकीको जमिनमा अलिकति पनि अतिक्रमण गर्नु अधर्म हो र त्यसको दुष्परिणाम अर्को जन्ममा पनि भोग्नुपर्छ भन्ने उनीहरूको दृढ मान्यता थियो। यी विश्वासलाई जसरी व्याख्या गरे पनि तिनले समाजमा इमानदारी, अनुशासन र अरूको अधिकारप्रतिको सम्मानलाई जीवनको अभिन्न अङ्ग बनाएका थिए।

दुर्भाग्यवश, समयसँगै यी नैतिक मूल्यहरू क्रमश: कमजोर हुँदै गएका छन्। समाज शक्ति, सम्पत्ति र व्यक्तिगत स्वार्थको पछिपछि दौडिन थालेसँगै इमानदारी र सदाचार पनि निरन्तर क्षीण हुँदै गएका छन्। आज धेरै राजनीतिक नेताहरू लोकतन्त्र, समाजवाद, राष्ट्रवाद वा सुशासनका आकर्षक भाषण त गर्छन्, तर उनीहरू व्यवहारमा भने आफू, आफन्त, आफना नातेदार र आसेपासेको स्वार्थ सिद्धिमा मुख्यत:केन्द्रित भएका देखिन्छन्। राजनीतिक गठबन्धन बन्ने र भत्किने क्रम पनि जनता र देशको लागि होइन, सिद्धान्त र आदर्शको लागि होइन, शक्ति, पद र व्यक्तिगत स्वार्थका लागि हुने गरेको कुरा सबैलाई ऐना जस्तै छर्लङ्ग छ। नैतिक मूल्यहरूको यही पतनले शासन व्यवस्थालाई प्रत्यक्ष रूपमा प्रभावित गरेको छ। जब योग्यता र क्षमताको सट्टा राजनीतिक निष्ठाका आधारमा नियुक्ति गरिन्छ, तब सार्वजनिक संस्थाहरू कमजोर बन्छन्। जब कानुनहरू राष्ट्रको दीर्घकालीन हितलाई भन्दा तत्कालीन राजनीतिक स्वार्थलाई ध्यानमा राखेर संशोधन गरिन्छ, तब लोकतन्त्र नै कमजोर बन्छ। जब इमानदार राष्ट्रसेवकहरू निरूत्साहित हुन्छन् र राजनीतिक चाकडी गर्नेहरू पुरस्कृत हुन्छन्, तब सरकारप्रतिको जनविश्वास स्वाभाविक रूपमा घट्दै जान्छ।

यसैले सुशासनका लागि सदाचार नीतिको तर्जुमा वा ऐन नियमको तर्जुमा मात्र पर्याप्त हुँदैन। सुशासनका लागि सरकारले निष्पक्ष रूपमा कानुन निर्माण गर्नुपर्छ, तिनको न्यायपूर्ण कार्यान्वयन नागरिकमाथि समान रूपमा लागू गर्नुपर्छ। सार्वजनिक संस्थाहरूलाई अत्यधिक राजनीतिक हस्तक्षेपबाट जोगाउनुपर्छ। निजामती सेवा, प्रहरी सेवा तथा अन्य सार्वजनिक सेवामा नियुक्ति, बढुवा र अवकाशजस्ता विषयहरूमा कानून वनाउदा वा हेरफेर गरिदा सत्तामा रहेका व्यक्तिहरू वा राजनीतिक दलहरूको सुविधाका आधारमा होइन, राष्ट्रको दीर्घकालीन हितलाई केन्द्रमा राखेर निर्धारण गरिनुपर्छ।

त्यसैगरी, निर्वाचन हुँदैमा मात्र लोकतन्त्र स्थापित हुँदैन। लोकतन्त्र त्यतिबेला मात्र सार्थक हुन्छ, जब सरकारले विधिको शासनको सम्मान गर्छ, अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्छ, सबैका लागि समान न्याय सुनिश्चित गर्छ र जनताप्रति उत्तरदायी रहन्छ। आफ्नो राजनीतिक स्वार्थ पूरा गर्न कानुनलाई बारम्बार परिवर्तन गर्ने सरकारले लोकतन्त्रको नाम जतिनै फलाकिरहे पनि त्यसले लोकतन्त्रलाई बलियो होइन, कमजोर बनाइरहेको हुन्छ।

सदाचार नीति सुशासनका अपरिहार्य आधारहरू त जरूर हुन् ।यसले नैतिक आचरणलाई प्रोत्साहन दिन सक्छ, तर त्यसले स्वतन्त्र संस्थाहरू, सक्षम प्रशासन, निष्पक्ष न्यायपालिका, व्यावसायिक निजामती सेवा तथा उत्तरदायी राजनीतिक नेतृत्वको स्थान लिन सक्दैन। सुशासनविना कुनै पनि सदाचार नीतिले आफ्नो उद्देश्य प्राप्त गर्न सक्दैन ।सुशासन अनेक नीतिमध्ये अर्को एउटा नीति मात्र होइन। यो त त्यस्तो मार्गदर्शक सिद्धान्त हो, जसले राष्ट्रिय सदाचार नीतिसहित प्रत्येक सार्वजनिक नीतिलाई जीवन, विश्वसनीयता र प्रभावकारिता प्रदान गर्दछ। मेरो विचारमा हाम्रो भविष्य राम्रो नीति बनाउने कार्यमा भन्दा सुशासन व्यवहारमा उतार्न सक्ने क्षमतामा निर्भर छ। सुशासनमार्फत मात्र इमानदारी फस्टाउन सक्छ, लोकतन्त्र प्रभावकारी रूपमा सञ्चालन हुन सक्छ, सरकारप्रतिको जनविश्वास पुन: स्थापित हुन सक्छ र राष्ट्रिय विकासले दिगोपन प्राप्त गर्न सक्छ। लोकतन्त्र, सदाचार नीति सबैको आधारशिलानै सुशासन हुने भएकोले हाम्रो प्रमुख उद्देश्य सम्पूर्ण राज्य संयन्त्रमा वास्तविक सुशासन स्थापना गर्नेनै हुनुपर्दछ।

*narayanshanti70@gmail .com*

*लेखक परिचय: नेपाली र अङ्ग्रेजी भाषाका केही पुस्तक तथा असंख्य लेखहरूका एक गैर-दलीय लेखक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका पूर्व प्रमुख, तथा मध्य-असी दशक पार गरेका एक ज्येष्ठ नागरिक ।*


## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं ।

सावधानी अपनाऔं, बर्ड फ्लुको जोखिम घटाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

